का.जि.प्र.का.द.नं. १००/०५९/६०
२१ कात्तिक २०८२
शुक्रबार
7 November 2025
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २३, अंक २६७ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# प्रश्नको घेरामा चुनावी सुरक्षा

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, २० कात्तिक

चुनावी माहौल बनाउन सरकारले संवाद बढाइरहँदा तोकिएकै मितिमा आमचुनाव गराउन केही गम्भीर चुनौती देखिएका छन् । जेनजी विद्रोहका बेला प्रहरीबाट लुटिएका सयौं अत्याधुनिक हतियार, गोलीगट्ठा र पोशाक अझै नियन्त्रणमा आएको छैन । त्यस्ता हतियार चलाउन जान्ने कैदीबन्दी पनि बाहिरै छन् । ती हतियार फिर्ता गर्न सुरक्षा निकायले विशेष अपरेसन चलाए पनि अपेक्षित नतिजा प्राप्त भएको छैन ।

सुरक्षा चुनौतीका बाबजुद अन्तरिम सरकारले आगामी फागुन २१ मा प्रतिनिधि सभाको चुनाव गराएर निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्नुपर्नेछ । सोहीअनुसार सरकार पछिल्लो समय राजनीतिक दल, सुरक्षा संयन्त्रहरू, निर्वाचन आयोगलगायत चुनावसँग सम्बन्धित सरोकारवालासँग निरन्तर संवादमै छ । प्रधानमन्त्री सुशीला कार्कीले बिहिबार एक सार्वजनिक कार्यक्रममा एक थोपा रगत नबग्ने र एक जना पनि घाइते नहुने गरी निर्वाचन गराउन आफू प्रयासरत रहेको बताएकी छिन् । 'शान्तिपूर्ण र भयरहित वातावरणमा स्वच्छ र निष्पक्ष चुनाव गराउन सरकार प्रतिबद्ध रहेको छ' उनले भनिन् । तर, उनले भनेजस्तो शान्तिपूर्ण चुनाव गराउन थुप्रै चुनौती रहेको सुरक्षा अधिकारीहरु बताउँछन् ।

यद्यपि तोकिएकै समयमा स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा चुनाव हुनेमा विश्वासको वातारण भने बनिसकेको छैन । २३-२४ भदौको जेनजी विद्रोहपछि देशभर सुरक्षा अवस्था चुनौतीपूर्ण रहेको निष्कर्ष निकालेका सुरक्षा निकायहरूले एकीकृत सुरक्षा योजनाको तयारी गरिरहेका छन् । आन्दोलनको रापतापमा आफै परेको नेपाल प्रहरीसहित सुरक्षा संयन्त्र र निजामती कर्मचारीतन्त्रको मनोबल खस्किएको छ । नेपाल प्रहरीका अधिकांश युनिट

पृष्ठ २ मा






यो सामान्य अवस्थाको चुनाव नभएकाले निकै पेचिलो हुने सम्भावना छ । यस्तो अवस्थामा हामीलाई अन्तर्राष्ट्रिय पर्यवेक्षक पनि जरुरत पर्छ ।

● भोजराज पोखरेल
पूर्वप्रमुख निर्वाचन आयुक्त



खुला सीमाना भएको मधेश प्रदेशमा लुटिएका हातहतियार र भागेका कैदीबन्दी फिर्ता भएका छैनन् । राजनीतिक दलहरु विभिन्न स्वरूपमा छन् । यी सबै कुराको व्यवस्थापन मुख्य विषय हो ।

● चन्द्रकिशोर झा
विश्लेषक



चुनावमा विभिन्न समूहको इन्ट्रेस्टअन्तर्गत गृहमन्त्री र सुरक्षा प्रमुखमाथि आउने धम्कीपूर्ण अभिव्यक्ति र त्यस्ता समूहका गतिविधिप्रति सबै संयन्त्र मिलेर सुरक्षा योजना बनाउनुपर्छ ।

● हेमन्त मल्ल
पूर्वडिआइजी

## राजीनामाको दबाबमा गृहमन्त्री



गृहमन्त्री ओमप्रकाश अर्यालको कार्यशैलीप्रति आमटिप्पणी भइरहेका बेला जेनजी आन्दोलनका अगुवा एवं हामी नेपालका संयोजक सुदन गुरुङले कडा असन्तुष्टि व्यक्त गरेका छन् । गृहमन्त्री बनाउन भूमिका खेलेका जेनजी अभियन्ताबाटै उनलाई जिम्मेवारी वहन गर्न नसक्ने स्थितिमा पदत्याग गर्नुपर्ने दबाब दिइएको हो ।

गुरुङले सामाजिक सञ्जालमार्फत लेख्दै हत्यारामाथि कारबाही र भ्रष्टाचार नियन्त्रणजस्ता मूल विषयमा सरकारले कुनै प्रभावकारी कदम नचालेको टिप्पणी गरेका छन् । उनले भनेका छन्, 'देशभरबाट 'हत्यारालाई कारबाही गर', 'भ्रष्टाचारीलाई कारबाही गर' भन्ने आवाज उठ्दा 'जेनजीलाई कारबाही गर' सुन्ने गृहमन्त्री पदमा टाँसिएर बस्नु राष्ट्रप्रति अपमान हो । शहीदको रगत सम्झनुहोस्, नेपालीको आशा र आँसु सम्झनुहोस्, काम गर्न नसके पद छोड्ने वाचा सम्झनुहोस् ।'

सरकार गठन भएको दुई महिना पुग्न लाग्दासम्म कुनै हत्यारा वा भ्रष्ट व्यक्तिमाथि कारबाही नहुँदा आफूहरूले अपमान, चरित्र हत्या र गलत आरोप सहनुपरेको गुरुङको आरोप छ । प्रतिनिधि सभाको चुनाव गराउने मुख्य दायित्व बोकेको सरकार र गृहमन्त्रीमाथि सरकार निर्माणमा योगदान गर्नेहरूबाटै चुनाव बिथोल्ने प्रयास भएको देखिन्छ । सरकार सरोकारवालाहरूसँग चुनावी तयारीमा छ । तर गुरुङले २०८४ को चुनाव २०८२ मा सार्न गरिएको आन्दोलन नभएको भन्दै सरकार र गृहमन्त्रीको कटाक्ष गरेका छन् । गृहमन्त्री अर्याललाई दुई दिनभित्र स्थिति स्पष्ट गर्ने चेतावनी दिँदै गुरुङले भनेका छन्, 'अझै पनि गृहमन्त्रीको पदमा टाँसेर जुकाजस्तो बस्नुहुन्छ भने दुई दिनपछिको प्रेस कन्फ्रेन्सले तपाईंको भविष्य निर्धारण

पृष्ठ २ मा

# सरकारविरुद्ध सडकमा एमाले

शक्ति प्रदर्शनका लागि सडक प्रदर्शनको तयारीमा रहेको एमालेले सरकारको वैधानिकतामै प्रश्न उठाएको छ । प्रतिनिधि सभा विघटनलाई असंवैधानिक भनेर पुनर्स्थापनाको पक्षमा हस्ताक्षर अभियान नै सुरु गरेको छ ।

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, २० कात्तिक

नेकपा एमालेले सरकारमाथि दबाब बढाउँदै लैजाने नीति लिएको छ ।

शक्ति प्रदर्शनका लागि सडक प्रदर्शनको तयारीमा रहेको एमालेले सरकारको वैधानिकतामै प्रश्न उठाएको छ । प्रतिनिधि सभा विघटनलाई असंवैधानिक भनेर पुनर्स्थापनाको पक्षमा हस्ताक्षर अभियान नै सुरु गरेको छ ।

यही १५ कात्तिकमा बसेको एमालेको केन्द्रीय सचिवालय बैठकले आगामी मंसिर ६ गते काठमाडौंमा जनसभा आयोजना गर्ने निर्णय गरेको थियो ।

त्यसअगाडि देशभरका सबै वडामा यही कात्तिक २२ गते जनभेला आयोजना हुनेछ । देशभरका पालिकामा कात्तिक २५ गते प्रदर्शन गर्ने कार्यक्रम तय भएको छ ।

एमालेको उपमहासचिव प्रदीप ज्ञवालीका अनुसार कात्तिक २९ गते जनसभा आयोजना हुनेछ । पार्टीको जनपरिचालन गर्ने नीतिअनुसार यी कार्यक्रम तय भएको उनले जानकारी दिए । यसका साथै सरकारमाथि दबाब बढाउन एमालेले विघटित प्रतिनिधि सभा

पृष्ठ २ मा



एमालेका सबै सांसदहरूले प्रतिनिधि सभा पुनर्स्थापनाको पक्षमा हस्ताक्षर गर्छन् ।

पृथ्वीसुब्बा गुरुङ
उपमहासचिव, एमाले



वैदेशिक रोजगार विशेष

## विभागले शनिबारदेखि नियमित सेवाबाटै पुनः श्रम स्वीकृति दिने

मध्यान्ह संवाददाता
काठमाडौं, २० कात्तिक

वैदेशिक रोजगार विभागले आगामी शनिबारदेखि नियमित सेवाबाट पुनः श्रम स्वीकृति दिने भन्दै श्रम स्वीकृतिपछि मात्रै हवाई टिकट लिन आग्रह गरेको छ । विभागले बिहीबार एक विज्ञप्ति जारी गर्दै पुनः श्रम स्वीकृतिको आकस्मिक सेवा बन्द गरी पूर्ण रूपमा अनलाइनमार्फत हुने बताएको हो ।

विभागले दशैं, तिहार, छठलगायतका चाडपर्व र बिदाका कारण टिकट एवं आकस्मिक परेको प्रमाण संलग्न राखेर निवेदन दिएमा आकस्मिक सेवा अन्तर्गत पुनः श्रम स्वीकृति दिँदै आएको थियो ।

हाल चाडपर्व एवं लामो बिदा पनि सकिसकेको अवस्थामा कार्यालयमा सेवाग्राही उपस्थित भई आकस्मिक सेवाबाट पुनः श्रम स्वीकृति दिँदा श्रम स्वीकृति शाखाको काममा अत्यधिक चाप बढिरहेको भन्दै विभागले आफ्नो श्रम स्वीकृति शाखावाट प्रदान गरिने सेवा प्रवाहलाई पूर्ववत् रूपमा अनलाइनमार्फत गर्ने बताएको हो ।

विभागले सेवा प्रवाह चुस्त, दुरुस्त र प्रभावकारी बनाई सेवाग्राहीलाई छिटो, छरितो, झन्झटरहित सेवा दिने सरकारको नीतिअनुसार काम हुने बताएको छ । विभागको श्रम स्वीकृति शाखाबाट प्रदान गरिने सेवा पूर्णतः अनलाइन प्रणालीमा आधारित रहेकाले विभागबाट बोलाएको अवस्थामा बाहेक विभागमा आउन नपर्ने निर्देशक टिकाराम ढकालले जानकारी दिए ।

### कोरिया रोजगारीमा ढिलासुस्तीविरुद्ध प्रदर्शन

काठमाडौं/मस- भाषा र सीप परीक्षा उत्तीर्ण गरेको दुई वर्ष बित्न लाग्दासमेत दक्षिण कोरिया जाने प्रबन्ध नगरिएको भन्दै ललितपुरस्थित इपिएस कार्यालयमा प्रदर्शन गरिएको छ ।

उनीहरूले भाषा र सीप परीक्षा उत्तीर्ण गरेको दुई वर्ष बित्न लाग्दासमेत रोजगारीमा दक्षिण कोरिया जान नपाएको भन्दै ललितपुरको ग्वार्कोस्थित इपिएस शाखा घेराउ गरेका हुन् ।

यस वर्ष सन् २०२५ का लागि १७ हजार ३० जना

पृष्ठ २ मा

# 'टार्गेट'मा प्रदर्शनकारी
## डेढ सय मुद्दा दर्ता

*गत भदौ २४ गते आन्दोलनका क्रममा भएको आगजनी र तोडफोडमा संलग्न रहेको आरोपमा ३ सय ७५ जना पक्राउ परेका छन् । उनीहरूलाई कर्तव्य ज्यानदेखि आपराधिक उपद्रव, हातहतियार खरखजना, चोरी र अभद्रको कसुरमा करिब डेढ सय मुद्दा चलाइएको छ ।*

मुकुन्द लामिछाने/मध्यान्ह
काठमाडौं, २० कात्तिक

जेनजी आन्दोलन भदौ २३ र २४ गते भएको हो । २३ मा तत्कालीन राज्यले गोली चलायो र २२ जना प्रदर्शनकारीको मृत्यु भयो । त्यस पृष्ठभूमिमा भदौ २४ मा प्रदर्शन उग्र बन्यो । राज्यका महत्वपूर्ण निकायमा आगजनी र तोडफोड भए । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका भवन जले । प्रधानमन्त्रीको सरकारी निवास, राष्ट्रपति निवासदेखि राजनीतिक दलका पार्टी कार्यालय र नेताका घरसम्म जले । अन्य निजी सम्पत्तिमा समेत क्षति पुगेको छ ।

दुई दिनको आन्दोलनले सत्ता उलटफेर भयो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली राजीनामा दिन बाध्य भए । प्रतिनिधि सभाबाट अर्को सरकार बन्ने अवस्था बनेन । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बनेको छ । अन्तरिम सरकार बनेसँगै जेनजी आन्दोलनमा भएका घटनाको अनुसन्धान अगाडि बढेको छ ।

राजनीतिक दलहरू भदौ २३ को आन्दोलन जेनजीको भएको र २४ गते भएको विध्वंसमा घुसपैठ भएको बताउँछन् । जेनजी अगुवाहरू भने भदौ २३ मा तत्कालीन सरकारले गरेको व्यवहारले सार्वजनिक सम्पत्तिमा क्षति हुने वातावरण बनेको बताउँछन् ।

पृष्ठ २ मा

| कहाँबाट कति पक्राउ परे ? |
|---|
| काठमाडौं उपत्यका- २१८ |
| कोशी प्रदेश- ३० |
| मधेश प्रदेश- २१ |
| बागमती प्रदेश- ३३ |
| गण्डकी प्रदेश- ३२ |
| लुम्बिनी प्रदेश- २९ |
| कर्णाली प्रदेश- ४ |
| सुदूरपश्चिम प्रदेश- ८ |



भदौ २३ गते रातभरि प्रहरीले आन्दोलनकर्ताहरूलाई धम्क्याउने, त्रास दिने कार्य गरिरहेको थियो र त्यस्तोमा २४ गतेको घटना स्वाभाविक थियो ।

■ मोनिका निरौला
जेनजी अगुवा

### ३६ हजारभन्दा बढी भिडियो संकलन

प्रहरीका अनुसार भदौ २४ मा भएको आगजनी तथा तोडफोड, लुटपाटजस्ता गतिविधिसँग सम्बन्धित ३६ हजारभन्दा बढी भिडियो, फोटोहरूसहितको प्रमाण संकलन भएको छ ।

प्राप्त भिडिओ, फोटोहरूका आधारमा व्यक्ति पहिचान गरेर कारबाही गरिने प्रहरीले जनाएको छ ।

यही तथ्यांक देखाएर कतिपय जेनजी अगुवा वर्तमान सरकार भदौ २३ बारे मौन बसेको र भदौ २४ को घटनाउपर अनुसन्धानको नाममा पक्राउ र मुद्दा दर्तामा अगाडि बढेको गुनासो गर्छन् ।

प्रहरीहरू भने भदौ २३ बारे गौरीबहादुर कार्की नेतृत्वको आयोगले काम गरिरहेको बताउँछन् ।

तर जेनजी आन्दोलनको क्रममा तोडफोड, आगजनी र लुटपाट गरेको आरोपमा व्यक्ति भने

पृष्ठ २ मा

कर्मचारी आवश्यकता
यस कम्पनीलाई निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा अनुभवी व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
Office Secretary Cum Document Officer - 2 (Female)
★ अंग्रेजी तथा कम्प्युटरमा दखल भएको हुनुपर्ने ।
★ सम्बन्धित फिल्डमा काम गरेकोलाई प्राथमिकता दिइने ।
Public Relation Officer - 3 (Male/Female)
★ ब्यापक रुपले कामदारहरु उपलब्ध गराउन सक्ने ।
★ सम्बन्धित फिल्डमा काम गरेकोलाई प्राथमिकता दिइने ।
★ कमिशन प्रणालीमा काम गर्नुपर्ने ।
Training Teacher (Civil/Mechanical) - 1 (Male)
★ वैदेशिक रोजगारमा बाहिर या नेपालमै काम गरेको र ट्रेनिङ दिलाउन सक्ने ।
तलब आपसी समझदारीमा
Send Your CV at pro@anjalioverseas.com.np
अञ्जली ओभरसिज सर्भिस प्रा. लि.
श्रम इजाजत नं. ६३९/०६३/०६४
सामाखुशी चोक city square बाट ज्ञान संसार स्कुल हुँदै महादेवटार जाने बाटो,सृजनटोलसँगै काठमाडौं
Tel : 01- 4982296, Mobile - 9801012690, 9801175502

मध्यान्ह
www.madhyanhadaily.com
२१ कातिक २०८२ शुक्रबार
7 November 2025 Friday

# एक थोपा रगत नबग्नेगरी निर्वाचन गराउन प्रयासरत छु : प्रधानमन्त्री कार्की

**काठमाडौं/मस–** प्रधानमन्त्री सुशीला कार्कीले एक थोपा रगत नबग्ने र एक जना पनि घाइते नहुने गरी निर्वाचन गराउन आफू प्रयासरत रहेको बताएकी छन् ।

द एसिएन नेटवर्क फर फ्रि इलेक्सन्स (आन्फ्रेल)को प्रतिनिधिमण्डलसँगको भेटमा प्रधानमन्त्री कार्कीले शान्तिपूर्ण र भयरहित वातावरणमा स्वच्छ र निष्पक्ष चुनाव गराउन सरकार प्रतिबद्ध रहेको जानकारी दिइन् ।

आन्फ्रेल थाइल्यान्डको बैंककमा सचिवालय रहेको अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूको सञ्जाल हो । सचिवालयका कार्यकारी निर्देशक ब्रिजा रोसालेसको नेतृत्वको टोली अहिले नेपालको निर्वाचन वातावरणको मूल्यांकन गर्न काठमाडौं आइपुगेको छ ।



लामो समय न्यायाधीश र प्रधानन्यायाधीशका रूपमा काम गरेको व्यक्तिको नेतृत्वको सरकार भएकाले यसले स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउने भन्नेमा आफूहरू विश्वस्त रहेको प्रतिनिधिमण्डलका सदस्यहरूले बताएका छन् ।

'तपाईंको लामो समयदेखिको न्यायिक अनुभवले स्वतन्त्र र निष्पक्ष निर्वाचनमार्फत राजनीतिक पुनःसंरचना सम्भव हुने देखेका छौं र त्यसले लोकतान्त्रिक संस्थाहरूलाई जोगाउनेछ,' प्रतिनिधिमण्डलको भनाइ थियो ।

प्रधानमन्त्री कार्कीले पनि अन्तर र्राष्ट्रिय पर्यवेक्षकहरूले चासो देखाएपछि निर्वाचन सुरु भइसकेको अनुभूति गराएको प्रतिक्रिया दिइन् ।

प्रधानमन्त्री कार्कीले भनिन्, 'हाम्रो मुख्य उद्देश्य नै चुनाव गराउनु हो । यसैमा केन्द्रित छौं । स्वस्थ निर्वाचनको वातावरण बनाउन नागरिक समाज र पर्यवेक्षकको पनि भूमिका रहन्छ । यहाँहरूको उपस्थितिले निर्वाचन सुरु भइसकेको अनुभूति गराएको छ ।'

सो अवसरमा आन्फ्रेल प्रतिनिधिहरूसँगै नेपालको निर्वाचन पर्यवेक्षकहरूको सञ्जाल नियोकका पदाधिकारी तथा सदस्य पनि उपस्थित थिए । उनीहरूले यसपालि पहिलोपल्ट मतदान गर्ने युवा मतदातामा व्यापक उत्साह देखिएकाले मतदाता शिक्षामा विशेष जोड दिन सुझाव पनि दिए ।

सरकारले आगामी फागुन २१ गते तोकिएको निर्वाचन सम्पन्न गराउन तयारी तीव्र पारेको छ ।

# कतार भ्रमण पूरा गरी राष्ट्रपति पौडेल स्वदेश फिर्ता



**काठमाडौं/मस–** राष्ट्रपति रामचन्द्र पौडेल कतारको राजधानी दोहामा मंगलबारदेखि सुरु भएको 'सामाजिक विकासका लागि दोस्रो विश्व शिखर सम्मेलन'मा सहभागी भएर बिहीबार स्वदेश फिर्ता भएका छन् ।

उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्की, गृहमन्त्री ओमप्रकाश अर्याल, परराष्ट्र सचिव अमृतबहादुर राई, नेपालका लागि कतारका राजदूत, सुरक्षा निकायका प्रमुखलगायतले स्वागत गरे । त्यस अवसरमा नेपाली सेनाले राष्ट्रपति पौडेलको स्वागतमा सम्मान गारत अर्पण गरेको थियो ।

कतारका अमिर शेख तमिम बिन हमद अल थानीको निमन्त्रणामा 'सामाजिक विकासका लागि दोस्रो विश्व शिखर सम्मेलन'मा सहभागी हुन राष्ट्रपति पौडेल प्रथम महिला सबिता पौडेलसहित नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सोमबार दोहा प्रस्थान गरेका थिए ।

उनले संयुक्त राष्ट्रसंघको महासभाको निर्णयअनुसार दोहामा भएको 'सामाजिक विकासका लागि दोस्रो विश्व शिखर सम्मेलन'को मुख्य सत्रलाई मंगलबार सम्बोधन गरेका थिए । साथै उनले सम्मेलनअर्न्तगत आयोजित सामाजिक विकासका तीन स्तम्भहरूको सुदृढीकरण: गरिबी निवारण, पूर्ण र उत्पादनशील रोजगारी एवम् सबैका लागि मर्यादित काम र सामाजिक समावेशीकरण विषयक उच्चस्तरीय गोलमेच सम्मेलनलाई समेत सम्बोधन गरेका थिए ।

राष्ट्रपति पौडेलले मंगलबार नै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेससँग शिष्टाचार भेट गरेका थिए । पौडेलले बुधबार कतार राष्ट्रिय संग्रहालयको पनि अवलोकन गरेका थिए ।

# पीडितद्वारा एजेन्टको घर घेराउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारका लागि लिथुवानिया, डेनमार्क र लक्जेमबर्गजस्ता देश पठाउने भन्दै करिब आधा दर्जन व्यक्तिको ३४ लाखभन्दा बढी ठगीमा संलग्न एक व्यक्तिको घर पीडितहरूले घेराउ गरेका छन् ।

सुनसरीका प्रशन्न पौडेलले मोरङ र सुनसरीका २० जनालाई युरोपेली मुलुक पठाइदिने भन्दै प्रतिव्यक्ति ८ लाखदेखि १० लाखका दरले रकम उठाएर ठगी गरेको मोरङका सहायक प्रमुख जिल्ला अधिकारी सरोज कोइरालाले जानकारी दिए ।

ठगीमा संलग्न पौडेल चाडपर्वमा घर आएको चर्चा चलेपछि कतिपय पीडित राति साढे ३ बजे नै उनको घर घेराउ गर्न पुगेका थिए । हाल बेपत्ता भएका पौडेलले लक्जेम्बर्गको आकर्षक तलबको रोजगारीमा जाने भए तुरुन्तै पैसा चाहियो भनेर पटकपटक दबाब दिएर ठगी गरेको पीडितहरूले बताएका छन् ।

यसैबीच एक व्यक्तिलाई स्लोभाकिया पठाइदिने भन्दै ६ लाख ५० हजार ठगी गरेको उजुरीका आधारमा प्रहरीले सर्लाहीको बागमती नगरपालिका-४ की सावित्रा हुमागाईंलाई पनि पक्राउ गरेको छ ।

हुमागाईंलाई कानुनी कारबाहीका लागि वैदेशिक रोजगार विभाग पठाइएको प्रहरीले बताएको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले बेरोजगार युवायुवतीलाई आकर्षक रोजगारीको प्रलोभनमा पारेर ठगी गर्ने प्रवृत्ति बढेको भन्दै सचेत हुन आग्रहसमेत गरेको छ ।

**प्रश्नको...**

जलाइएको छ । स्थानीयले ती प्रहरी चौकी पुनर्स्थापना गरिदिए पनि राम्रो व्यवस्थापन हुन सकेको छैन । प्रहरीको मनोबल उच्च नभई नागरिकले सुरक्षाको प्रत्याभूत गर्न नसक्ने अवस्थामा निर्वाचनको विषय थप पेचिलो बन्ने सुरक्षा विज्ञ बताउँछन् । पूर्वडिआइजी हेमन्त मल्लले सरकारले पहिला सुरक्षा संयन्त्रको मनोबल बढाउन हामी बलियो सरकारमुनि छौं भन्ने विश्वास दिलाउनुपर्ने बताए । 'पहिलो कुरा आमनागरिकले आफू सुरक्षित भएको महसुस गर्नुपर्ने हुन्छ,' उनले मध्यान्हसँग भने, 'लुटिएका हतियार र भागेका कैदीबन्दी त सुरक्षाका मुख्य चुनौती छँदै छन् । यससँगै चुनावमा विभिन्न समूहको इन्ट्रेस्ट पनि रहन्छ ।' सरकार, गृहमन्त्री र सुरक्षा अंगका प्रमुखमाथि समेत उनीहरूबाट आउने गरेका धम्कीपूर्ण अभिव्यक्ति र त्यस्ता समूहका गतिविधिप्रति सरकारका सबै संयन्त्र मिलेर आवश्यक सुरक्षा योजना बनाउनुपर्ने मल्ल बताउँछन् ।

जेनजी विद्रोहको जगमा बनेको चुनावी सरकारकै औचित्य र यसले गर्ने कामकारबाहीको निष्पक्षतालाई लिएर कांग्रेस र एमालेले संशय व्यक्त गरिरहेका छन् । नेकपा एमालेले त सरकारले चुनाव गराउन नसक्ने भन्दै संसद् पुनर्स्थापनाको पक्षमा खुलेर लागेको छ । विगतमा सत्ता-शक्तिमा रहेका दलहरूका गतिविधि र जेनजी विद्रोहको पक्षमा रहेका पक्षबीच खटपटले मुठभेड निम्तिन सक्ने जोखिमलाई पनि सुरक्षा चुनौतीकै रूपमा राखिएको छ ।

सुरक्षा निकायबाट चुनावी सुरक्षा योजना बनाउने तयारी भइरहेको बताइरहँदा स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुन नसक्ने दलहरूले दाबी गर्दै आएका छन् । नेकपा एमालेकाका उपमहासचिव पृथ्वीसुब्बा गुरुङले वर्तमान सरकारबाट चुनावको अपेक्षा गर्न नसकिने बताए । 'चुनाव हुने वातावरण सरकारले बनाएको छैन,' उनले मध्यान्हसँग भने, 'किनभने प्रहरी तंग्रिएकै छैन । खोसिएका हतियार पूर्वमाओवादी र आपराधिक समूहसँग छन् । २४ गतेको हिंसा, आगजनी र लुटपाटमा संलग्नमाथि कारबाही गर्न सरकारले कुनै कदम चालेको छैन ।' भागेका कैदीबन्दी र लुटिएका हतियार गलत रूपमा प्रयोग हुनसक्ने उनको आशंका छ । यस अवस्थामा सरकारले चुनाव गराउने वातावरणभन्दा नेताहरूलाई स्थान हद तोकेर थप चुनाव भाँड्ने तहमा उत्रिएको उनले टिप्पणी गरे ।

चुनावका लागि नेपाली सेनाका सहायक रथीको नेतृत्वमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधि सम्मिलित कार्यदल बनाएर एकीकृत सुरक्षा योजना बनाइरहेको छ । सो कार्यदललाई निर्वाचनसँग सम्बन्धित एकीकृत सुरक्षा कार्ययोजनाको मस्यौदा निर्माण गर्न कार्यादेश दिइएको सैनिक मुख्यालयले जनाएको छ । तर प्रहरीको बिट जलाइरहँदा सेना मूकदर्शक बनेर बस्नुले पनि सुरक्षा संयन्त्रबीच समन्वय नदेखिएको कतिपयको टिप्पणी छ । लोकतन्त्रमा चुनावबाट दलहरू भाग्न नहुने र सरकारले घोषणा गरेको चुनावलाई सम्पन्न गर्न सहयोग गर्नुपर्ने विश्लेषक बताउँछन् । मधेश राजनीतिका जानकार विश्लेषक चन्द्रकिशोर झा चुनावको विकल्प खोजियो भने अझै समस्या थपिने बताउँछन् । 'लोकतन्त्रमा निर्वाचित सरकार संविधानअनुसार लामो समय रहन सक्दैन । लोकतन्त्रका लागि लामो संघर्ष गरेका दलहरूले सुशीला कार्की सरकारलाई असफल बनाउनतिर भन्दा पनि निर्वाचनलाई सफल बनाएर देशको संकटपूर्ण अवस्थालाई संवैधानिक लयमा फर्काउन संयमित भएर लाग्नुपर्छ ।'

सुरक्षा चुनौतीसँगै विभिन्न स्वरूपमा रहेका दलहरूलाई मिलाएर लौजाने विषय पनि उत्तिकै चुनौतीपूर्ण रहेको उनको विश्लेषण छ । 'खुला सीमाना भएको मधेश प्रदेशमा पनि प्रहरीका हतियार लुटिएका र कैदीबन्दी बाहिर निस्केको अवस्था छ । राजनीतिक दलहरू विभिन्नस्वरूपमा छन् । यी सबै कुराको व्यवस्थापन सरकारले कसरी गर्छ ? भन्ने मुख्य विषय हो,' झाले भने । सरकारले पनि निर्वाचन सुरक्षा र तयारीका लागि निर्वाचन आयोग र आफ्ना मातहत संयन्त्रसँग पनि छलफल अघि बढाइसकेको छ ।

तोकिएको समयमै निर्वाचन सम्पन्न, भ्रष्टाचार छानबिन, आन्दोलनका घटनाको निष्पक्ष अनुसन्धान, क्षतिग्रस्त सरकारी संरचना पुनर्निर्माणको काम गर्नुपर्ने कार्की सरकारको मुख्य जिम्मेवारी हो । सरकारले तोकेको निर्वाचनको समय चार महिना मात्रै बाँकी छ । निर्वाचनका लागि हालको सुरक्षा र प्रशासनिक संयन्त्रमा देखिएको निराशा र शिथिलता, लुटिएका हतियार र भागेका कैदीबन्दी नै मुख्य बाधक बनेको देखिएको छ । पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले यो सामान्य अवस्थाको चुनाव नभएकाले निकै पेचिलो हुने सम्भावना देखेका छन् । 'निर्वाचनमा सुरक्षा चुनौती सधैं नै हुन्छ । तर यसपटक बढी नै छ । आन्दोलनको प्रहार खेपेको प्रहरीको मनोबल खस्किएको छ । यस्तो अवस्थामा हामीलाई राष्ट्रिय पर्यवेक्षकहरूसँगै अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूलाई हामीले आह्वान गर्नुपर्छ ।'

**राजीनामाको...**

गर्नेछ । प्रधानमन्त्रीको प्रिय पात्र भनेर कुर्ची बच्छ भन्ने सोच्नु भ्रम हो ।' उनले २०८४ को चुनाव २०८२ मा सार्न गरिएका आन्दोलन नभएको भन्दै जेनजीका माग सम्बोधन नहुने हो भने यसपालिको चुनाव हुन नदिने चेतावनी दिएका छन् ।

जेनजी विद्रोहका अर्का अगुवा रक्षा बमले भने आफूहरुले गृहमन्त्रीको राजीनामा नभई काम र परिणाम चाहेको बताएकी छिन् । 'हामी नागरिक सरकारको पक्षमा छौं तर खबरदारी निरन्तर गर्छौं' उनले सामाजिक सञ्जालबाटै भनेकी छिन्,- 'गृहमन्त्रीको राजीनामा चाहँदैनौं, परिणाम र काम चाहन्छौं ।'

**सरकारविरुद्ध...**

सदस्यहरूको हस्ताक्षर सुरु गरेको छ । हस्ताक्षर प्रतिनिधि सभा पुनर्स्थापनाको पक्षमा गरिएको हो । एमालेका उपमहासचिवसमेत रहेका विघटित प्रतिनिधि सभा सदस्य पृथ्वीसुब्बा गुरुङ आफ्नो पार्टी प्रतिनिधि सभा पुनर्स्थापनाको पक्षमा रहेको बताउँछन् ।

उनी भन्छन्, 'एमालेका सबै सांसदहरूले प्रतिनिधि सभा पुनर्स्थापनाको पक्षमा हस्ताक्षर गर्छन् ।' विघटित प्रतिनिधि सभामा एमालेका तर्फबाट ७९ जना सांसद रहेका थिए ।

एमालेका निवर्तमान सांसदहरूले बिहीबारबाटै प्रतिनिधि सभा पुनर्स्थापनाको पक्षमा हस्ताक्षर सुरु गरेका हुन् । बिहीबार सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा उपस्थित भएका उनीहरूले प्रतिनिधि सभा पुनर्स्थापनाको पक्षमा हस्ताक्षर गरेका छन् । आज २० जना बढीले हस्ताक्षर गरेका छन् । धेरै जिल्लातिर भएकाले काठमाडौंमा उपलब्ध भएकाहरूको दस्तखत सुरु भएको हो । हेमराज राई, रघुजी पन्त, मेनका पोखरेल, कृष्णगोपाल श्रेष्ठलगायतले हस्ताक्षर गरेका छन् ।

संकलित हस्ताक्षर कसरी प्रयोग गर्ने भन्नेमा एमालेका नेताहरू छलफलमा छन् । सांसदहरू निवेदन लिएर अदालत जाने कि प्रतिनिधि सभा पुनर्स्थापनाको पक्षमा भनेर मत प्रकट मात्रै गर्ने भन्ने प्रश्नमा उनीहरू छलफलमा रहेका हुन् ।

सर्वोच्च अदालतमा यसअघि नै प्रतिनिधि सभा पुनर्स्थापनाको माग लिएर १६ वटा निवेदन परिसकेका छन् । त्यसउपर छलफल भएर कारण देखाऊ आदेश जारी भइसकेको छ ।

कारण देखाऊ आदेश जारी हुनुअघिको बहसमा न्यायाधीशहरूले प्रतिनिधि सभा विघटनको विषयमा कति जना सांसद अदालत आए भनेर प्रश्नसमेत गरेका थिए ।

प्रतिनिधि सभा गत २७ भदौमा विघटन भएको हो । २३ र २४ भदौमा जेनजी आन्दोलन भएको थियो । आन्दोलनका क्रममा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली राजीनामा दिन बाध्य भएका थिए । त्यसपछि प्रतिनिधि सभाबाट सरकार बन्ने अवस्था रहेन । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बनेको छ ।

अन्तरिम सरकारको सिफारिसमा २७ भदौमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधि सभा विघटन गरेर आगामी फागुन २१ मा चुनावको मिति घोषणा गरेका छन् । सरकार र निर्वाचन आयोग तोकिएको चुनाव गराउने कार्यमा अगाडि बढिरहेको छ । अर्कोतर्फ सरकार गठन र प्रतिनिधि सभा विघटनविरुद्ध सर्वोच्च अदालतमा मुद्दासमेत परेको छ ।

नेकपा एमालेले भन प्रतिनिधि सभा पुनर्स्थापना हुनुपर्ने बताउँदै हस्ताक्षर सुरु गरेर सरकारमाथि दबाब बढाउने नीति अख्तियार गरेको हो ।

**टार्गेट'मा...**

जेनजी अगुवा रक्षा बम तत्कालीन सरकारको व्यवहार उचित नरहेको बताउँछिन् ।

'हाम्रो माग सुशासन र भ्रष्टाचार नियन्त्रण हो । हामीले नागरिकको अवस्था बदल्न चाहेका हौं र सडकमा प्रश्न गर्न गएका हौं । तर तत्कालीन सरकारले गोली चलायो र एकै दिन २३ जनाको मृत्यु हुन पुग्यो' बुधबार ललितपुरमा आयोजिक एक कार्यक्रममा उनले भनिन् ।

जेनजी आन्दोलनका अर्की अगुवा मोनिका निरौला भदौ २३ गते सडकमा जेनजी जाँदै गर्दा तत्कालीन राज्यले नागरिकको बाँच्न पाउने अधिकार पनि खोसेको स्मरण गर्छिन् । 'त्यो एकदमै दमनकारी जनतामाथि भएको बर्बर दमन थियो,' उनी भन्छिन्, 'रातभरि प्रहरीले आन्दोलनकर्ताहरूलाई धम्क्याउने त्रास दिने कार्यक्रम चलाइरहेको थियो र त्यस्तोमा २४ गतेको घटना स्वाभाविक थियो ।'

अहिले पनि भदौ २४ को घटनाको आरोप कसलाई थोपर्ने भन्ने प्रश्न आइरहेको उल्लेख गर्दै उनी भन्छिन्, 'अपदस्थ सरकार प्रमुखले थाहै थिएन भन्दै गर्दा, मलाई कुनै पनि सुरक्षा निकायका प्रमुख गुप्तचर निकायका प्रमुखले कुनै पनि खालको सूचना प्रदान गरेनन् भन्नु भनेको असक्षमताको चरम सीमा हो ।'

उनी थप्छिन्, 'सरकार प्रमुखले नेपाली जनतामाथि यति ठूलो हत्या गरिसकेपछि भोलिपल्टको घटनाहरूलाई चाहिँ प्रिभेन्ट गर्न नसक्नु जनताको निजी सम्पत्ति, जनताको जनजीवन प्रोटेक्ट गर्न नसक्नु भनेको तत्कालीन सरकार राज्यको फेलियर हो । त्यसलाई अरू कुनै पनि ढंगले व्याख्या गर्न सकिँदैन ।'

**३६ हजारभन्दा...**

पक्राउ परिरहेका छन् । कतिपयविरुद्ध मुद्दासमेत चलिसकेको छ ।

प्रहरीको पछिल्लो तथ्यांकअनुसार देशभरबाट ३ सय ७५ जनालाई पक्राउ परेका छन् । १ सय ४१ वटा मुद्दा दर्ता भइसकेको छ । सबैभन्दा काठमाडौं उपत्यकाबाट २ सय १८ जना पक्राउ परेका छन् । पक्राउ परेकालाई कर्तव्य ज्यानदेखि आपराधिक उपद्रव, हातहतियार खरखजना, चोरी र अभद्रको कसुरमा मुद्दा चलाइएको छ । साथै ९६ वटा मुद्दा दर्ता गरिएको छ ।

कोशी प्रदेशबाट ३० जना पक्राउ परेका छन् भने चारवटा मुद्दा दर्ता भएको छ । तोडफोड, आगजनी तथा लुटपाटजस्ता गतिविधिमा संलग्न सबैलाई पक्राउ गरेर कानुनी दायरामा ल्याइएको प्रहरीको भनाइ छ ।

मधेश प्रदेशमा २१ जनालाई पक्राउ गरिएको छ भने मुद्दा दर्ताको संख्या ६ वटा छ ।

बागमतीमा ३३ जना अभियुक्त पक्राउ परेका छन् भने ११ वटा मुद्दा दर्ता भएको छ ।

गण्डकीमा ३२ जना अभियुक्त र सातवटा मुद्दा, लुम्बिनीमा २९ जना अभियुक्त र ११ वटा मुद्दा दर्ता, कर्णालीमा चार जना अभियुक्त र तीनवटा मुद्दा दर्ता तथा सुदूरपश्चिम प्रदेशमा आठ जना अभियुक्त र तीनवटा मुद्दा दर्ता भएको छ ।

**कोरिया...**

भाषा र सीप परीक्षामा उत्तीर्ण भएका थिए । कोरियामा कामदार पठाउन थप परीक्षा सञ्चालन गर्नुभन्दा पहिले उत्तीर्ण भएकाहरूलाई पठाउनुपर्ने उनीहरूले माग गर्दै आएका छन् ।

दुई वर्षदेखि प्रतीक्षामा बस्नुपर्दा आफूहरू बेरोजगार बनेको र ठूलो आर्थिक क्षति भएको भन्दै उनीहरूले दक्षिण कोरिया सरकारसँग कूटनैतिक लविङ बढाउन ढिलासुस्ती भएको गुनासो गरेका छन् ।


## Invitation For Quotations

**Putha Uttarganga Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Takasera, Rukum (East),**
**Lumbini Province, Nepal**

**Invitation For Sealed Quotation for the procurement of following mentioned Works.**

**(First Date Of Publication: 2082/07/21 B.S) ( 2025/11/07. A.D)**

1. PURMO invites electronic bids from eligible Nepalese bidders for the following contracts under (Sealed quotation) procedures.
2. Bidding documents can be downloaded from the PPMO e-GP system at www.bolpatra.gov.np/egp.
3. Bids must be submitted electronically to PURMO, Takasera, Rukum (East) on or before 12:00 Noon, 2082/08/07 B.S. (2025/11/23 A.D.). Late bids will be rejected.
4. Bids will be opened in the presence of bidders' representatives at 13:00 on 2082/08/07 B.S. (2025/11/23 A.D.) at PURMO Office. Bids security must remain valid for 45 days after opening and be accompanied by a bid security valid for 30 days beyond the bid validity period.
5. All terms and conditions shall be as per the Government of Nepal's Public Procurement Act 2063 and Regulation 2064 (with amendments).
6. PURMO reserves the right to accept or reject any or all bids, wholly or partly, without assigning any reason.
7. Information to deposit the cost of Bidding Doccument and Bid-Bond in the Bank:

| | | | |
|---|---|---|---|
| Office Name | Putha Uttarganga Rural Municipality ,Rukum (East) | | |
| For Bid Document | Putha Uttarganga (GA 1.1) Aantarik Rajaswa Khata | 01415359946 | Siddartha Bank Ltd., Putha Uttarganga Branch |
| For Bid Security | Putha Uttarganga (GA 03) Dharauti Khata | 01415220470 | |

8. The Name and identification no of the contracts are as follows.

| Contract No. | Description of works | Estimate Amount (Excl. VAT & Contingency, incl. PS) (NRs.) | Bid Security Amount (NRs.) | Bid Doccument Price (NRs.) |
|---|---|---|---|---|
| EGP/PURMO/SQ/WORKS/MW/2082/83-01 | Construction Of Masonary wall At Shree Janpriya Aa.Bi Ghumlibang Ghumlibang-10 | NRs. 863,299.38 | Nrs.25000 | Nrs. 1000 |
| EGP/PURMO/SQ/WORKS/EMW/2082/83-02 | Construction of excavation Of Field and Masonry Wall at Ransi Health post -14 of Putha Uttarganga Rural Municipality | NRs.863,122.58 | Nrs.25000 | |
| EGP/PURMO/SQ/WORKS/ROAD/2082/83-03 | Excavation For Roadway Construction Of Fulbang Connecting Danplap Putha Uttarganga Rural Municipality-05 | NRs.1,292,109.43 | NRs.38000 | |
| EGP/PURMO/SQ/WORKS/SD/2082/83-04 | Construction of Drain and Steps (Settlement Development) at Padmi Putha Uttarganga Rural Municipality-13 | NRs.860,709.53 | Nrs.25000 | |
| EGP/PURMO/SQ/WORKS/ROAD/2082/83-05 | Excavation For Roadway Construction Of Pipaltung Connecting jajarbang Village sadak Putha Uttarganga Rural Municipality-12 | NRs.860,820.90 | NRs.25000 | |
| EGP/PURMO/SQ/WORKS/BD/2082/83-06 | Construction of Bhume Pooja (Balku) Conservation Center Building At Putha Uttrarganga Rural municipality-11 | NRs 1,074,505.93 | NRs.32000 | |

**Chief Administrative Officer**

# सरकारमाथि दबाब बढाउन जेनजी अगुवाहरूलाई बाबुरामको सुझाव



**काठमाडौं /मस–** पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले जेनजी आन्दोलनको मुख्य मागलाई नै सरकारले बेवस्ता गरेको बताएका छन्। काठमाडौंमा बिहीबार आयोजित जेनजी अगुवाहरूसँगको अन्तरसंवाद कार्यक्रममा उनले जेनजी आन्दोलनको मुख्य मागलाई नै सरकारले बेवस्ता गरेको भन्दै जेनजी अगुवाहरूलाई आफ्ना माग सम्बोधन गराउनका लागि सरकारसँग सम्झौता गर्न सुझाव दिए।

जेनजी आन्दोलनको मुख्य माग नै भ्रष्टाचारीलाई कारबाही गर्ने भएपनि सरकारले अहिलेसम्म कारबाही प्रक्रिया अगाडि नबढाएको उनको भनाइ छ। उनले ठुला भ्रष्टाचारी र भ्रष्टाचारका ठुला-ठुला काण्डहरूको छानबिनका लागि प्रक्रिया अगाडि बढाउन दबाब दिन सुझाव दिए।

उनले भदौ २३ को आन्दोलनको क्रममा भएका गोली प्रहारको पनि निष्पक्ष रूपमा छानबिनका लागि दबाब बढाउन आग्रह गरे। उनले छानबिनका लागि समिति बने पनि दोषीलाई कारबाही गर्न ढिलो भएको बताए। यसले गर्दा प्रमाण नष्ट हुने र दोषी उम्कने उनको दाबी छ।

निर्वाचन गर्न पनि सरकारलाई दबाब दिनुपर्ने उनको भनाइ छ। निर्वाचन नभएमा संविधान असफल हुने उनको भनाइ छ। उनले संविधानलाई असफल बनाउन केही तत्वहरू सक्रिय भएको पनि बताए।

दुर्गा प्रसाईंको आन्दोलनलाई लक्षित गर्दै उनले संविधान असफल बनाउनेहरूसँग शतर्क हुँदै बेलैमा निर्वाचन गर्नुपर्नेमा जोड दिए। निर्वाचनका लागि सरकारले दुई वटा काम गर्नुपर्ने उनको भनाइ छ। उनले विदेशमा भएकाहरूलाई पनि भोट हाल्ने व्यवस्था गर्नुपर्ने र जेनजीहरूलाई मध्यनजर गरेर मतदान गर्ने उमेरलाई १६ वर्ष र उम्मेद्वार बन्न पाउने उमेरलाई १८ वर्ष कायम गर्नुपर्ने बताए। हाल मतदान गर्नका लागि १८ वर्ष हुनुपर्नेछ भने प्रतिनिधि सभाको सदस्य हुनका लागि २५ वर्ष र स्थानीय तहको जनप्रतिनिधि हुनका लागि २१ वर्षको हुनुपर्नेछ। उनले यसलाई घटाएर तल्लो तहमा १८ र माथिल्लोमा २१ वर्ष कायम गर्न दबाब दिन सुझाव दिए। उनले जेनजीहरूलाई एकजुट भएर सरकारसँग आफ्ना माग राख्न पनि सुझाव दिए। सरकारले अध्यादेशमार्फत यी मागहरू पूरा गर्नसक्ने उनको भनाइ छ।

भट्टराईले राजनीतिमा आन्तरिक र बाह्य शक्तिहरूले खेलिरहने भन्दै भनेअनुसार सबै काम गर्न नसकिने बताए। उनले राजनीतिमा देशभित्र र बाहिरका दृश्य, अदृश्य शक्तिहरूले काम गरिरहने हुँदा भनेअनुसार सबै काम गर्न नसकिने बताए। ती शक्तिहरूसँग सन्तुलन मिलाएर अघि बढ्दै आफ्ना एजेन्डाहरू लागू गर्नुपर्ने उनको भनाइ छ। रामराज्य ल्याइदिउँ भन्ने चाहना भएपनि भन्नेबित्तिकै केही नहुने उनको टिप्पणी थियो।

उनले अबको लोकतन्त्र समावेशी र सहभागीयुक्त हुनुपर्ने बताए। गणतन्त्रको विकल्प नभएको उल्लेख गर्दै उनले वंशाणुगत जन्मजात नै कोही राजा हुनुपर्ने अलोकतान्त्रिक व्यवस्था मान्य नहुने बताए। उनले नेपालको संविधानमा वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक र जातपातजन्य वर्ण विरोधको अन्त्य गर्नेगरी राज्यको पुनर्संरचना गर्ने भन्ने उल्लेख भएकाले सोहीअनुरुप अगाडि बढ्नुपर्ने बताए।

# रवि र छविको मुद्दाका फाइल झिकाउन आदेश





**काठमाडौं /मस–** उच्च अदालत तुलसीपुर, बुटवल इजलासले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र तत्कालीन गोर्खा मिडियाका सञ्चालक छविलाल जोशीको मुद्दाको फाइल जिल्ला अदालतबाट झिकाउन आदेश दिएको छ।

उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा बुटवलको सुप्रिम सहकारी संस्थाको रकम ठगी र संगठित अपराध अभियोगमा थुनामा रहेका उनीहरूको सुनुवाइका लागि बिहीबार पेसी तोकिएको थियो। उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा न्यायाधीश वासुदेव आचार्य र ओमप्रसाद अर्यालको १ नम्बर इजलासमा जिल्ला अदालत रुपन्देहीले जारी गरेको आदेश र अन्य फाइल मगाउने आदेश भएको अदालतका सूचना अधिकारी रामबहादुर कुँवरले जानकारी दिए। यसअघि यही कात्तिक १३ गते तोकिएको पेसी जोशीका कानुन व्यवसायीको निवेदनका आधारमा सुनुवाइ स्थगित भएको थियो। त्यसअघि लामिछानेको मुद्दामा न्यायाधीशद्वय मिलनकुमार राई र ओमप्रसाद अर्यालको इजलासले एकै प्रकृतिका मुद्दा भएकाले जोशीसमेतको दुवै मुद्दा एकैसाथ राख्न आदेश दिएको थियो।

**Thalara Rural Municipality**
**Office of Rural Municipal Executive**
**Kholi, Bajhang**
**Sudurpashchim Province, Nepal**

**Invitation for Electronic Bid for the Procurement Works**

**Notice No: 2082/083-27**
**Date of Second Publication: 2082/07/21 (November 7, 2025)**

1. Office of Thalara Rural Municipality, Bajhang invites electronic bids from eligible bidders for the Construction of Laxmi Ma Vi Thalara-1, Motipur Shanti
2. Ma Vi Thalara-3, Parakatne, Tribhuvan Ma Vi Thalara-4, Mahendradhar and Poornachandrodaya Ma Vi Thalara-9, Kulakatne (NCB/TRM/WORKS/01/2082-83) under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs 2,55,00,000/-
   - Minimum Work experience of similar size and nature: At least 1 building project with value of minimum NRs 1,02,36,000/-
3. Bidder shall submit their bid electronically, Bidders are required to submit two separate bid response documents, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Office of Thalara Rural Municipality, Bajhang and email address: thalaramun@gmail.com or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the non-refundable cost of NRs 5,000/- for bidding document in the account as specified below.
   Name of the Bank: Kumari Bank Ltd. Name of Office: Thalara Rural Municipality, Bajhang
   Account no.: 1840102612300001 Account Name: THALARA GA.PA. ANATRIK RAJASWO KHATA GA 1.1
   Rajaswa (revenue) Shirshak no.: 14229
6. Pre-bid meeting shall be held at Office of Thalara Rural Municipality, Bajhang at 13:00 noon on 2082/07/25 (November 11, 2025).
7. Electronic bids must be submitted to the office Thalara Rural Municipality, Bajhang through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on 2082/08/07 (November 23, 2025). Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 noon on 2082/08/07 (November 23, 2025) at the office of Thalara Rural Municipality, Bajhang. Bids must be valid for a period of 90 days from the bid submission deadline and must be accompanied by scanned copy of the bid security in pdf format, amounting to a minimum of NRs 7,12,000/-, which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**(Chief Administrative Officer)**

# एमालेमा महाधिवेशन प्रतिनिधि चयनको तयारी



**काठमाडौं /मस–** नेकपा एमालेको आसन्न ११औं राष्ट्रिय महाधिवेशनमा सहभागी हुने प्रतिनिधिको क्षेत्रगत मापदण्डसहितको अन्तरपार्टी निर्देशन जारी भएपछि मातहतका कमिटी र संगठनले आवश्यक तयारी सुरु गरेका छन्। महाधिवेशनको प्रतिनिधि चयन देशभर आगामी मंसिर १३ गते एकसाथ हुने एमाले सचिवालयले जनाएको छ।

आगामी मंसिर २७ देखि २९ गतेसम्म काठमाडौंमा हुने महाधिवेशनमा कुल दुई हजार १२७ प्रतिनिधि कायम गर्नेगरी यही कात्तिक १५ गतेको एमालेको सचिवालयले बैठकले निर्णय गरेको थियो। सोबमोजिम तयारी गर्न अन्तरपार्टी निर्देशन दिइएको छ। एमालेको केन्द्रीय कार्यालयका सचिव डा भीष्म अधिकारीले पार्टी सदस्यताको संख्या अनुपातमा विभिन्न क्षेत्र छुट्याएर प्रतिनिधि चयनको मापदण्ड बनाइएको बताए। उक्त मापदण्डलाई मातहतका जिल्ला कमिटी र जनसंगठनले कार्यान्वयनका लागि सम्पर्क तथा आवश्यक समन्वय सुरु गरेको उनले जानकारी दिए।

महाधिवेशनमा केन्द्रीय कमिटीबाट ३५५, अनुशासन आयोगबाट २९, केन्द्रीय निर्वाचन आयोगबाट ३०, लेखा आयोगबाट २५ र केन्द्रीय सल्लाहकार परिषद्बाट निर्वाचितसहित २५ गरी ४६४ प्रतिनिधि हुनेछन्।

यसैगरी स्वदेशका प्रदेशस्तरीय (विशेष प्रदेशसहित) का कमिटीबाट कम्तीमा दुई महिलासहित पाँचका दरले ४५ प्रतिनिधि महाधिवेशनमा सहभागी हुनेछन्। एक सय ६५ संघीय निर्वाचन क्षेत्रबाट सबैभन्दा बढी समावेशीताको सिद्धान्तअनुसार एक हजार १३५ प्रतिनिधि सहभागी हुनेछन्। हरेक निर्वाचन क्षेत्रमा रहेका एक हजार २०० पार्टी सदस्य बराबर ४० वर्ष मुनीका एक युवा र एक महिलासहित चार प्रतिनिधि हुने सचिव डा अधिकारीले जानकारी दिए।

उनका अनुसार न्यूनतम् एक हजार २०० पार्टी सदस्यमा थप आठ सय सदस्य नाघेमा थप एक महिला प्रतिनिधि र त्यसपछि प्रत्येक आठ/आठ सय नाघेमा थप निर्वाचित खुला प्रतिनिधि हुनेछन्। स्वदेशका विशेष जिल्लाअन्तर्गत एक हजार २०० सम्म पार्टी सदस्य बराबर कम्तीमा एक महिलासहित तीन निर्वाचित प्रतिनिधि रहनेछन्।

**पञ्चपुरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाबियाचौर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

**आन्तरिक आयको ठेक्का सूचना**

**प्रथम पटक प्रकाशित मिति – २०८२/०७/२१**

नगरपालिकाको देहाय बमोजिमका आन्तरिक आयका ठेक्का बोलपत्रका माध्यमबाट गराउनुपर्ने भएको हुँदा देहाय बमोजिमको ठेक्काको लागि मिति २०८२/०७/२१ का दिन सबै योग्य बोलपत्रदाताहरुको लागि सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.com/eGP-II मार्फत बोलपत्र आह्वानको सूचना गरिएको छ। बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०७/२१ गते दिनको १२ बजे सम्म र बोलपत्र खोल्ने मिति २०८२/०८/२२ गते दिनको १:०० बजे कायम गरिएको छ। बोलपत्र पेश अनिवार्य रुपमा विद्युतीय माध्यमबाट मात्र गर्नु पर्नेछ।

**देहाय**

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | न्युनतम बोलपत्र कबोल अंक रु. (भ्याट बाहेक) |
|---|---|---|
| PMO/SKT/NCB/MINES/082/83-01 | पन्चपुरी न.पा.वडा नं. ११ बड्डीखहरे खोलाको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन | रु. ६७३५३४७.४ |

बिस्तृत जानकारीका लागि www.bolpatra.com/eGP-II मा हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ।

# राहदानीको विषय समाधान उन्मुख छ : परराष्ट्र मन्त्रालय




**काठमाडौं /मस–** परराष्ट्र मन्त्रालयले हाल सेवाग्राहीको उच्च मागअनुसार राहदानी पुस्तिका केही न्यून संख्या भएपनि यो विषय समाधान उन्मुख रहेको जनाएको छ। राहदानी पुस्तिका बाहिर प्रचारमा आएजस्तो अवस्थामा नरहेको मन्त्रालयले स्पष्ट पारेको हो।

मन्त्रालयअन्तर्गतको राहदानी विभागले विद्युतीय राहदानी आपूर्तिका लागि नयाँ आपूर्तिकर्तासँग विसं २०८२ साउनमा खरिद सम्झौता गरिसकेको छ। उक्त सम्झौताअनुसार आगामी फागुन ११ गतेदेखि राहदानी सेवा सञ्चालन हुनेगरी पूर्वाधार तथा प्रणाली निर्माणसम्बन्धी कार्य तीव्र रूपमा भइरहेको मन्त्रालयले जनाएको छ। मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले भने, 'हामी अहिले नयाँ आपूर्तिकर्ता र हालको आपूर्तिकर्ताबीच हुने हेन्डओभर-टेकओभरको संक्रमणकालीन अवस्थामा छौं। नयाँ खरिद सम्झौताबमोजिम नयाँ सेवा प्रदायकले आगामी फागुन ११ गतेदेखि राहदानी उत्पादन प्रारम्भ गर्ने निश्चित भएको छ।'

विभागबाट प्रदान गरिने अत्यावश्यक राहदानी सेवा निरन्तर सञ्चालनमा रहने भएपनि अतिआवश्यक परेका आकस्मिक उपचार, तत्काल रोजगारी वा विदेशमा अप्ठ्यारोमा परेको अवस्थाका व्यक्तिले मात्र हाल राहदानीका लागि आवेदन प्रक्रिया अगाडि बढाउन मन्त्रालयले अनुरोध गरेको छ। साथै मन्त्रालयले यस्तो अवस्थामा सबैले धैर्य गरी सरकारलाई सहयोग पुऱ्याउन आग्रहसमेत गरेको छ। हालको संक्रमणकालीन अवस्थामा राहदानीको अभाव नहुने व्यवस्था गर्न आवश्यक कार्य भइरहेको बताउँदै प्रवक्ता क्षेत्रीले यही कात्तिक १७ गते साँझ ५ बजेदेखि दैनिक (सार्वजनिक बिदाको अघिल्लो दिन बाहेक) एक हजार जनाको आवेदन लिने व्यवस्था मिलाइएको

**तिला गाँउपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**डुण्डेली, जुम्ला**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति :– २०८२/०७/२१**

यस कार्यालयको मिति २०८२/०६/१२ गते प्रथम पटक मध्यान्ह दैनिक राष्ट्रिय पत्रिकामा निम्न निर्माण कार्यको बोलपत्र आह्वान भए अनुसार प्राप्त बोलपत्रहरू मध्ये तपसिलमा उल्लेखित बोलपत्रहरू न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागि छनोट भयको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनोट गरिएकोले सोही ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरूको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नम्बर | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम, ठेगाना | कुल कबोल रकम (VAT & PS सहित ) |
|---|---|---|---|---|
| १ | Tila/NCB/Works/2082/83/04 | Kudari Dekhi Dungri Samma Sadak Starunnati | Kalika Construction Jumla Tila 5, Jumla | 39,44,886.46 |
| २ | Tila/NCB/Works/2082/83/05 | Gramin Wa Krishi Sadak Rara Dekhi Ghode Sudi Manechaur Rasha Hudai Khopri Kayarkot Samma Sadak Starunnati | Purna Nirman Sewa,Jumla Cnandannath-2, Jumla | 73,41,104.59 |
| ३ | Tila/NCB/Works/2082/83/06 | Manechaur Dekhi Rasha Hudai Chayapatan Samma Sadak Starunnati | Sushan-Ankit JV,lead Ankit Nirman Sewa | 50,70,951 |

**प्रमुख प्रशासकीय अधिकृत**

# बालेनविरुद्ध युवा संघले दियो साइबर ब्युरोमा जाहेरी

**काठमाडौं /मस–** नेकपा एमाले निकट युवा संघले काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहविरुद्ध जाहेरी दिएको छ। बिहीबार दिउँसो युवा संघका नेताहरू साइबर ब्युरो पुगेर मेयर शाहविरुद्ध जाहेरी दिएका हुन्। मेयर शाहले सामाजिक सञ्जाल फेसबुकमा केही दिन पहिला विभिन्न देश र नेपालका राजनीतिक दलहरूको नाम लिँदै आपत्तिजनक शब्दसहित स्टाटस लेखेका थिए। केही समयपछि स्टाटस सामाजिक सञ्जालबाट हटाएसँगै मेयर साहको विरोध हुँदै आएको छ।

जसले राजनीतिक दल र मित्र राष्ट्रहरूको मानमर्दन गरेको भन्दै युवा संघले उजुरी दिएको छ। जाहेरीमा मेयर शाहले नेपालका लोकतान्त्रिक आन्दोलनमा अग्रणि भूमिका खेलेका राजनीतिक दलहरूलाई सार्वजनिक पदमा बसेको व्यक्तिले गालीगलौज गरी सार्वजनिक शान्ति खलल हुनेगरी स्ट्याटस लेखेको उल्लेख गरिएको छ।

मित्र राष्ट्रसँगको सम्बन्धमा आँच आउने गरी स्ट्याटस लेखिएको उनीहरूको आरोप छ।

सम्पादकीय

## स्याउलाई हिमाली अर्थतन्त्रको मेरुदण्ड बनाऊ

कर्णाली प्रदेशका हिमाली जिल्लामा स्याउ बगैंचा बढेसँगै उत्पादन पनि बर्सेनि वृद्धि भइरहेको छ। डोल्पा जिल्लाबाट मात्र यस वर्ष ४ सय मेट्रिक टन स्याउ निर्यात भई करिब २ करोड रूपैयाँ आम्दानी भएको छ। डोल्पा मात्र होइन, कर्णालीका जुम्ला, मुगु र हुम्लाका बगैंचाबाट पनि यस वर्ष करोडौंको स्याउ उत्पादन भयो। यसैगरी, गण्डकीका मनाङ र मुस्ताङको गुणस्तरीय स्याउको माग पनि ठुला सहरमा बर्सेनि बढिरहेको छ। तर ढुवानी र बजारीकरणका समस्याले न स्याउले उचित मूल्य पाएको छ न त किसानले अपेक्षाकृत लाभ उठाउन सकेका छन्।

कर्णालीमा स्याउ उत्पादनका लागि उपयुक्त चिसो हावापानी पाइन्छ। हिमाली जिल्लामा जनघनत्व घट्दै गए पनि स्याउ बगैंचा भने बर्सेनि वृद्धि भइरहेका छन्। सरकारले स्याउ खेतीलाई प्रोत्साहन गर्दै पनि आएको छ। त्यस हिसाबले स्याउ उत्पादन पनि बर्सेनि वृद्धि भइरहेको छ। तर अर्ग्यानिक स्याउले उचित बजार र मूल्य पाउन सकेको छैन। सहज ढुवानीसमेत नहुँदा बगैंचामै स्याउ खेर जाने स्थिति पनि यदाकदा आउने गरेको छ। खेतमै बजार पहुँच र मूल्य सुनिश्चितता नहुँदा किसानको लगानी र मिहिनेत व्यर्थ बन्छ, जसले कृषिमा उत्साह घटाउँछ।

स्याउको गुणस्तर राष्ट्रिय औसतभन्दा उच्च भए पनि उत्पादन, भण्डारण, प्रशोधन र ढुवानी सञ्जालमा सुधार अपरिहार्य छ। अहिले पनि ५० प्रतिशत अनुदानले राहत पुगेको छ तर दिगो समाधानका लागि राज्यले स्थायी संरचनातर्फ ध्यान दिएको पाइँदैन। त्यस्तै, सिँचाइ, सडक, शीतगृह र प्रशोधन उद्योग स्थापनामा पनि राज्यको चासो देखिँदैन। यसले स्याउलाई राष्ट्रिय ब्रान्डका रूपमा स्थापित गर्न कठिनाइ भइरहेको छ।

त्यसो त सहरी क्षेत्रमा वर्षभरि नै स्याउ उपलब्ध हुन्छ। चीनदेखि कास्मिरसम्मका स्याउले बजार खाइरहेका बेला स्वदेशी उत्पादनले मूल्य नपाउनु दुःखद छ। सहज बजार नपाउने भएपछि किसान राम्ररी नपाक्दै स्याउ टिपेर बजारमा ल्याउने र कम मूल्यमै बेच्ने गरिरहेका छन्। त्यसले कर्णालीको स्याउको गुणस्तरबारे नकारात्मक प्रचारसमेत भइरहेको छ। कृषकको साक्षरता, प्राविधिक सहयोग र प्रांगारिक खेती प्रवर्धनमा जोड दिई स्याउ खेतीलाई भरपर्दो कृषि उद्यम बनाउन जरूरी छ। त्यसका लागि वास्तविक किसानको पहिचान गरी लक्षित अनुदान वितरण गरे उत्पादन र आम्दानी दुवै बढ्न सक्छ। राज्यले स्याउलाई हिमाली अर्थतन्त्रको मेरूदण्ड बनाउन प्रस्ट नीति चाहिन्छ। संघ, प्रदेश र स्थानीय सरकार, निजी क्षेत्र र किसानबीच दरिलो सहकार्य गरी स्याउको ब्रान्डिङ, प्याकेजिङ र निर्यात व्यवस्थित गर्नुपर्ने खाँचो छ।

# जबाफदेही राजनीतिको खोजी

*जब जनताले प्रश्न गर्छन्, जवाफ माग्छन् र आफ्नो अधिकार सचेत रूपमा प्रयोग गर्छन्, तब राजनीति पनि जनताको सेवामा फर्किन्छ।*

अग्रलेख



● ईश्वर बुढाथोकी

नेपालको राजनीतिक यात्राले सयौं मोड पार गर्दै अहिलेको अवस्थासम्म आइपुग्दा जनताले बारम्बार एउटै कुरा मागिरहेका छन्- जबाफदेही राजनीति। लोकतन्त्र, गणतन्त्र, संघीयता, समानुपातिक प्रतिनिधित्व, समावेशिताजस्ता सुन्दर शब्दहरूले हाम्रो संविधान सजिएको छ तर त्यसको आत्मा भने अझै जनताको अपेक्षाअनुरूप प्रकट हुन सकेको छैन। कारण स्पष्ट छ- राजनीति जनताको विश्वास र उत्तरदायित्वमा होइन, सत्ताको सौदाबाजी र व्यक्तिगत स्वार्थमा केन्द्रित हुँदै गएको छ।

जबाफदेही राजनीति भन्नाले राज्यका निर्णय, नीति, कार्यसम्पादन र नेतृत्व सबैले नागरिकप्रति उत्तरदायी बन्ने प्रणाली हो। जसले शक्ति जनताबाट आएको हो भन्ने सिद्धान्तलाई व्यवहारमा रूपान्तरण गर्छ। यो अवधारणा कुनै एउटा नारा होइन बरु शासनको मूल आत्मा हो, जसले राज्य र नागरिकबीचको सम्बन्ध सन्तुलित र विश्वसनीय बनाउँछ। नेपालमा राजनीतिक परिवर्तन धेरैपटक भयो तर जबाफदेहिताको अभ्यास अझै प्रारम्भिक चरणमै छ। जनताको मतले सत्तामा पुगेकाहरूले आफ्नो जिम्मेवारी पूरा नगर्दा र गल्तीको जवाफ नदिँदा राजनीति जनताको आँखामा अविश्वासको प्रतीक बन्दै गएको छ।

हामीले २०४६ सालको जनआन्दोलन, २०६२/६३ को जनआन्दोलन र त्यसपछि भएको गणतान्त्रिक परिवर्तनको मूल उद्देश्य के थियो भनेर सम्झन जरुरी छ। यी सबै आन्दोलनहरूको केन्द्रमा जनताका अधिकार, पारदर्शिता, सुशासन र जबाफदेहिता थिए। तर दशकौंको प्रयासपछि पनि जनताले शासनमा त्यो परिवर्तन महसुस गर्न सकेका छैनन्। नेताहरू चुनावमा जनतालाई सम्झिन्छन् तर सत्तामा पुगेपछि जनतालाई बिर्सन्छन्। मन्त्रीहरू जनताको नातामा होइन, ठेकेदार र व्यापारीहरूको दबाबमा निर्णय गर्छन्। संसद् जनताको मञ्च होइन, दलहरूको स्वार्थको खेल मैदान बनेको छ। यस्तो अवस्थामा 'जबाफदेही राजनीति' भन्ने शब्द केवल भाषणको अलंकार बन्न पुगेको छ।

राजनीतिक जबाफदेहिता तीन तहमा मापन गर्न सकिन्छ- संवैधानिक, संस्थागत र नैतिक। संवैधानिक जबाफदेहिता भन्नाले संविधानले तोकेको जिम्मेवारी पूरा गर्ने र कानुनी सीमाभित्र रहेर शासन सञ्चालन गर्ने हो। तर नेपालमा संविधानकै व्याख्या स्वार्थअनुसार हुने गरेको छ। संस्थागत जबाफदेहिता भनेको सार्वजनिक निकाय, प्रशासन, संसद्, अदालत र आयोगहरूले आफ्नो कर्तव्य जनताको हितमा पारदर्शी ढंगले पूरा गर्ने हो। दुर्भाग्यवश, ती निकाय पनि राजनीतिक हस्तक्षेप र दलगत नियुक्तिले ग्रस्त छन्। अन्ततः नैतिक जबाफदेहिता भनेको नेतृत्वले आफ्नो विवेक र जनभावनाप्रति इमानदार रहनु हो। तर आज नेताहरूको विवेक दलको आदेश, पदको संरक्षण र व्यक्तिगत लाभमा सीमित देखिन्छ।

जबाफदेहिताको मूल स्रोत नागरिक हुन्। जब नागरिक सचेत, सक्रिय र प्रश्न गर्न सक्षम हुन्छन्, तब नेताहरू पनि उत्तर दिन बाध्य हुन्छन्। तर नेपालमा नागरिक सचेतना बढ्दै गइरहेको भए पनि राजनीतिक प्रणालीले जनतालाई अझै पनि 'मतदाता मात्र' बनाइराखेको छ। पाँच वर्षमा एकपटक मतदान गरेर आफ्नो अधिकार पूरा भएको ठान्ने प्रवृत्तिले पनि जबाफदेहिताको संस्कार विकास गर्न सकेको छैन। नागरिकले नीतिगत छलफलमा भाग लिन, निर्णय प्रक्रियामा आवाज उठाउन र गलत कामको विरोध गर्न सकेन भने राजनीति हचुवाको खेल बन्न जान्छ।

मिडियाको भूमिका पनि जबाफदेही राजनीति निर्माणमा महत्वपूर्ण हुन्छ। स्वतन्त्र र खोजमूलक पत्रकारिताले राज्यका कमजोरी उजागर गर्छ, जनतालाई सूचित बनाउँछ र सत्तालाई प्रश्न गर्छ। तर नेपालमा



मिडिया पनि प्रायः राजनीतिक ध्रुवीकरणमा फसेको छ। केही मिडिया घरानाले दलका प्रवक्ताझैं काम गर्न थालेपछि जनतामा भ्रम फैलिन्छ। सत्य, तथ्य र विश्लेषणको सट्टा प्रचार र बदनाम गर्ने प्रवृत्तिले पत्रकारिताको नैतिकता कमजोर बनाएको छ। जब मिडिया स्वतन्त्र र निर्भीक रहन्छ, तब राजनीति पनि पारदर्शी र जबाफदेही बन्छ।

अर्को पक्ष न्यायिक जबाफदेहिता हो। कानुनले सबैलाई समान व्यवहार गर्नुपर्छ भन्ने सिद्धान्त लोकतन्त्रको मेरुदण्ड हो। तर नेपालमा न्याय प्रणाली पनि कहिलेकाहीँ राजनीतिक प्रभावबाट अछुतो रहन सकेको छैन। ठुला मुद्दा अल्झिन्छन्, साना मुद्दामा कठोर फैसला हुन्छ। अपराधीले सत्ता पाएसम्म स्वतन्त्र घुम्छन्, गरिबले वकिलको खर्च पनि तिर्न सक्दैनन्। यस्तो अवस्थाले नागरिकमा न्यायप्रति निराशा र राज्यप्रति अविश्वास बढाउँछ। जब न्यायप्रणाली स्वतन्त्र, छिटो र निष्पक्ष बन्छ, तब मात्रै जबाफदेही राजनीति सम्भव हुन्छ।

संघीयता लागू भएपछि स्थानीय तहलाई पनि अधिकार दिइयो तर स्थानीय तहमा पनि जबाफदेहिताको स्थिति सन्तोषजनक छैन। गाउँपालिका र नगरपालिकामा जनप्रतिनिधिले विकासको नाममा ठेक्कापट्टा बाँड्ने, आफ्नै नातेदारलाई लाभ दिने र जनतालाई छल्ने प्रवृत्ति देखिएको छ। स्थानीय निकाय नागरिकको नजिकको सरकार हो, त्यसैले यहाँको जबाफदेहिता बलियो भए मात्रै लोकतन्त्रको जरा मजबुत हुन्छ। नागरिकले स्थानीय सरकारसँग प्रत्यक्ष प्रश्न गर्न, हिसाब माग्न र निर्णय प्रक्रियामा सहभागिता जनाउन सक्ने माहौल बनाउन जरुरी छ।

जबाफदेही राजनीतिका लागि केवल कानुनी संरचना पर्याप्त हुँदैन। आवश्यक छ, चरित्र र संस्कारको रूपान्तरण। जब नेताहरूलाई राजनीतिमा प्रवेशको उद्देश्य सेवा होइन, सत्ता हुन्छ, तब भ्रष्टाचार र गैरजिम्मेवारी अनिवार्य रूपमा बढ्छ। शिक्षा प्रणालीले नैतिकता र नागरिक जिम्मेवारी सिकाउनेगरी परिमार्जन गर्नुपर्छ। विद्यालयदेखि नै विद्यार्थीलाई पारदर्शिता, सहिष्णुता र उत्तरदायित्वका मूल्य सिकाइने हो भने भविष्यको राजनीति स्वतः जबाफदेही बन्छ।

नागरिक समाज, बौद्धिक वर्ग र युवाहरूले पनि यस विषयमा अग्रसर हुनुपर्छ। युवाहरू राजनीतिप्रति वितृष्णा होइन, सुधारको सोचका साथ सहभागी हुनुपर्छ। डिजिटल युगमा सूचना सजिलै उपलब्ध छ, त्यसैले गलत निर्णय वा नीति लुकाउन सकिँदैन। सामाजिक सञ्जाललाई रचनात्मक निगरानी र बहसको माध्यम बनाउन सकिन्छ। यदि युवा पुस्ता नकारात्मकताको सट्टा प्रश्न, सुझाव र विकल्प प्रस्तुत गर्छ भने जबाफदेही राजनीतिको संस्कृति विस्तार पाउँछ।

राजनीतिमा जबाफदेहिता केवल 'कसले गल्ती गऱ्यो' भनेर खोज्ने अभ्यास होइन, बरु 'कसरी सुधार गर्न सकिन्छ' भन्ने चेतना हो। जब नेताले आफ्नो निर्णयको प्रभाव जनतामा के पर्छ भनेर सोच्न थाल्छ,

> *लोकतन्त्र, गणतन्त्र, संघीयता, समानुपातिक प्रतिनिधित्व, समावेशिताजस्ता सुन्दर शब्दहरूले हाम्रो संविधान सजिएको छ तर त्यसको आत्मा भने अझै जनताको अपेक्षा अनुरूप प्रकट हुन सकेको छैन। कारण स्पष्ट छ- राजनीति जबाफदेही छैन।*

जब संसद् जनताको सरोकारमा बहस गर्छ, जब मिडिया सत्यको पक्षमा अडिन्छ र जब नागरिक सक्रिय भएर प्रश्न गर्छन्- त्यो दिन नेपालको राजनीति वास्तवमै जबाफदेही बन्नेछ।

हामीले परिवर्तन धेरै पटक ल्यायौं तर जबाफदेहिता स्थिर रूपमा स्थापित गर्न सकेनौं। अब समय आएको छ, परिवर्तनको होइन, परिपक्वताको आन्दोलन गर्ने। यस्तो आन्दोलन जसको केन्द्रमा सत्ताको लालसा होइन, जिम्मेवारीको चेतना हो। जबाफदेही राजनीतिले मात्र नागरिकको विश्वास पुनर्स्थापित गर्न सक्छ र त्यही विश्वासबाट नै लोकतन्त्र बलियो बन्छ।

तपसिलमा उल्लेखित क्रेडिट कार्ड होल्डरहरुले यस बैंकबाट प्राप्त गरेको क्रेडिट कार्ड उपयोग गरेवापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज आदी रकम तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी बैंकमा सम्पर्क समेत नगर्नु भएको हुदा निज कार्ड होल्डरहरुको नाममा बक्यौता रकम यथाशिघ्र चुक्ता भुक्तान गर्नुहुन यो सुचना जारी गरिएकोछ ।

अतः यो सुचना प्रकाशित भएको मितिले **३५ (पैतिस)** दिनभित्र यस बैंकको कर्जा असुली विभागमा सम्पर्क राखि प्राप्त सुविधा वापत बैंकलाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज आदी अविलम्ब चुक्ता भुक्तान गर्नुहोला । अन्यथा, तपाईहरुको नाम बैंक नियम अनुसार कालो सुचीमा सुचिकृत गरि तथा अन्य आवश्यक कानुनी कारवाही गरि बैंकको लेना रकम असुल उपर गरिनेछ ।

| | | |
|---|---|---|
| **१. नामः रोहन डंगोल**<br>बाबुः नातिकाजी डंगोल<br>बाजेः श्याम कृष्ण डंगोल<br>नागरिकता नं.: ०५१०६६/७८६७- मोरङ<br>स्थायी ठेगानाः बिराटनगर-०८, मोरङ | **२. नामः अर्जुन श्रेष्ठ**<br>बाबुः गोविन्द कुमार श्रेष्ठ<br>बाजेः बुद्धि कुमार श्रेष्ठ<br>नागरिकता नं.: २/१७६८८- रुपन्देही<br>स्थायी ठेगानाः तारकेश्वर-०९, काठमाडौं | **३. नामः सुवास लामा**<br>बाबुः केशर मान तामाङ<br>बाजेः पेमा दोर्जे लामा<br>नागरिकता नं.: २७१०६०/१९४९५-काठमाडौं<br>स्थायी ठेगानाः काठमाडौं-०६, काठमाडौं<br>कार्यालयको नामः नमस्ते रेस्टुरेन्ट - दक्षिणकालि-०७, काठमाडौं |
| **४. नामः अनिस राई**<br>बाबुः मछिन्द्र राई<br>बाजेः राम कृष्ण राई<br>नागरिकता नं.:२५-०१-७३-०४२१४- नुवाकोट<br>स्थायी ठेगानाः चौघडा-०६, नुवाकोट<br>कार्यालयको नामः इस्लिङ्टन कलेज- कमलपोखरी, काठमाडौं | **५. नामः अमित कुमार पटेल**<br>बाबुः लालवावु राउत<br>बाजेः राम चन्द्र राउत कुर्मि<br>नागरिकता नं.: ३२-०२-७६-०१८६० - रौतहट<br>स्थायी ठेगानाः वृन्दावन-०३, रौतहट<br>कार्यालयको नामः जय गणपति दाना एण्ड चल्ला सप्लायर्स -चन्द्रनिगाहपुर-१, रौतहट | **६. नामः राम बिनोद राउत**<br>बाबुः रामचन्द्र राउत कुर्मी<br>बाजेः सर्जुग राउत<br>नागरिकता नं.: ५३८-रौतहट<br>स्थायी ठेगानाः वृन्दावन-०३, रौतहट<br>कार्यालयको नामः आदर्श काठ फर्निचर उद्योग- वृन्दावन-०२, रौतहट |
| **७. नामः उमेश कुमार लामिछाने**<br>बाबुः यदुनाथ लामिछाने<br>बाजेः थानेश्वर लामिछाने<br>नागरिकता नं.:३३३०५६/३६१ - बारा<br>स्थायी ठेगानाः डुमरवाना-०४, बारा कार्यालयको नामः अल्ट्रानेट कम्युनिकेसन- बनेपा | **८. नामः सुबोध कुमार साह**<br>बाबुः श्री कपुर साह<br>बाजेः श्री दिपनारायण साह<br>नागरिकता नं.१९-०१-७७-१९५९५- सर्लाही<br>स्थायी ठेगानाः ब्रम्हापुरी-०३, सर्लाही<br>कार्यालयको नामः मिल्सबेरी स्कुल- लाजिम्पाट, काठमाडौं | **९.नामः श्याम किशोर साह**<br>बाबुः सोन्फी साह निराला<br>बाजेः रघुबर साह<br>नागरिकता नं.: ५२७२७८४६-धनुषा<br>स्थायी ठेगानाः रघुनाथपुर-०४, धनुषा<br>कार्यालयको नामः सुगम निर्माण सेवा प्रा.लि.- महेन्द्रनगर-१, धनुषा |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

## Nawarajpur Rural Municipality
## Office of Rural Municipal Executive
### Notice for Invitation of Bids
Issued on : 2082-07-20

| S. N. | Invitation for bids No. | Name of Project | Cost of Bid Document | Bid Security Amount | Bid Validity Period |
|---|---|---|---|---|---|
| 1 | NRM/NCB/ WORK/02-83/2082 | हुलाकी राजमार्ग देखि गा. पा. कार्यालय जोड्ने सडकमा आर सी सी ढलान कार्य | 3,000/- | 2,60,000/- | 90 Days |
| 2 | NRM/SQ/ WORK/03-83/2082 | कुशंडीको पासमान टोल देखि देबनगरको सामुदायिक भवन सम्म सडक स्तरोन्नति कार्य | 1,000 | 50,000 | 45 Days |

| | |
|---|---|
| Deadline for Bid Submission for S.No. 1 | 2082-08-21, 12:00 PM |
| Deadline for Bid Submission for S.No. 2 | 2082-08-07, 12:00 PM |
| Date Time and Place for Bid Opening of S.No. 1 | 2082-08-21, 2:00 PM, Nawarajpur RM |
| Date Time and Place for Bid Opening of S.No. 2 | 2082-08-07, 2:00 PM, Nawarajpur RM |
| Antarik Rajaswa Khata Details | Name Of Bank : NMB Bank |
| | Name of Office: Nawarajpur Gaupalika |
| | Account No: 1110085099400101 |
| | Office Code: 80216504300 |
| Dhaurati Khata Details | Name Of Bank : NMB Bank |
| | Name of Office: Nawarajpur Gaupalika |
| | Account No: 1110085099400255 |

Bidders have to submit their bid electronically through e-GP system of PPMO website www.bolpatra.gov.np/egp as specified in the ITB. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

**Chief Administrative Officer**

## Nepal Electricity Authority
### Notice Regarding Intent to Accept the Bid
Notice Publication Date : 2082/07/21

| Name & Address of Office | IFB and Type of Bidding | Name & Address of Lowest Evaluated Substantially Responsive Bidder | Total Accepted Bid Price (Without VAT) |
|---|---|---|---|
| Kathmandu Grid Division, Minbhawan, (Tel. No. 01-4106658/4106979) | NEA/KGD/2082/083-03 | M/s Electric Power Protection, Aapasi Tole | NRs. 21,71,500.00 |
| 220 kV Chilime Trishuli Transmission System Project (Tel No : 6616784) | CTTLP/G/ CTTSP/82/83/4WD | M/s Agni Incorporated Pvt. Ltd. Panipokhari, Kathmandu. | NRs. 1,35,39,822.99 |

## त्रिपुरासुन्दरी गाँउपालिका
## गाउँकार्यपालिकाको कार्यालय
पिस्कर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
मितिः २०८२/०७/२१

यस गाउँपालिकाबाट प्रकाशित Bungathali-Chokati Motorbato Dhalan, Tekanpur Motorbato Dhalan र The Procurement Supply and Delivery of Medicines and Surgical Items का लागि बोलपत्र आह्वान गरिए बमोजिम ठेक्का नं: TSRM/NCB/WORKS/2082/083-03, TSRM/NCB/WORKS/2082/083-04 र TSRM/NCB/GOODS/2082/083-01 का लागि पर्न आएको तपशिलको बोलपत्र सारभूत रूपमा प्रभावग्राही पाइएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद ३, दफा २७ को उपदफा २ बमोजिमको प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि आशय-पत्रको सूचना जारी गरीएको छ ।

तपशिल :

| सि.नं. | ठेक्का नं. | फर्मको नाम र ठेगाना | कुल कबोल रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | TSRM/NCB/WORKS/ 2082/083-03 | Laxhmi Nirman Sewa Pvt Ltd, Sindhupalchok | १,११,२८,२३५।१९ (भ्याटसहित) | PE's Estimate (भ्याटसहित) भन्दा३५।६४% घटी |
| २ | TSRM/NCB/WORKS/ 2082/083-04 | VKT Naxalaya Engineering JV, Kathmandu | १,०५,८६,९३३।०० (भ्याटसहित) | PE's Estimate (भ्याटसहित) भन्दा३३।८७% घटी |
| ३ | TSRM/NCB/GOODS/ 2082/083-01 | Medigold Intl Pvt Ltd, Midthimi, Bhaktapur | ९,८०,२०५।६० (भ्याटसहित) | PE's Estimate (भ्याटसहित) भन्दा७१।९२% घटी |

**प्रमुख प्रशासकीय अधिकृत**

### कटहरिया नगरपालिकामा तलब विवाद

# नौ दिनदेखि तालाबन्दी हुँदा कामकाज ठप्प

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २० कात्तिक



रौतहटको कटहरिया नगरपालिकामा मेयर अजय प्रकाश जयसवाल र कर्मचारीहरूबीचको तलब विवादले प्रशासनिक कामकाज पूर्ण रूपमा अवरुद्ध भएको छ । बक्यौता तलब र सुविधा नदिएको भन्दै करार तथा अस्थायी कर्मचारीहरूले लगातार ९ दिनदेखि नगरपालिका कार्यालय र सबै वडाहरूमा तालाबन्दी गरेका छन् । बिहीबार पनि उनीहरूले मुख्य गेटअगाडि टायर बालेर विरोध जनाए ।

विवादको जड मेयर जयसवालले ७० जनाको सट्टा १७० जनाको नाममा तलब निकासा गर्न दबाब दिएको कर्मचारीहरूको आरोप छ । यसमा असहमति जनाउँदै प्रमुख प्रशासकीय अधिकृत गणेश नेपालीले भुक्तानी रोकेका थिए । मेयरले भने अधिकृतले अटेर गरेको दाबी गरेका छन् ।

'हामीले पटक-पटक लिखित र मौखिक आश्वासन पायौं, तर कार्यान्वयन शून्य छ,' एक आन्दोलनकारीले भने । तालाबन्दीका कारण जन्मदर्ता, मृत्युदर्ता, सिफारिसलगायत अत्यावश्यक सेवाहरू ठप्प छन् । हजारौं स्थानीय सेवाबाट वञ्चित छन् ।

मेयर जयसवालले वडाध्यक्षहरूले कर्मचारीको हाजिरी, नियुक्तिपत्र र विवरण नबुझाएकाले ढिलाइ भएको बताएका छन् । 'म सबैको तलब दिन तयार छु, तर आधारहीन तालाबन्दीले जनता दुःखी छन्,' उनको भनाइ छ ।

विगतमा पनि यस्तै विवादले ३१ दिनसम्म तालाबन्दी भएको थियो । कर्मचारीहरूले माग पूरा नभएसम्म आन्दोलन नरोक्ने अडान लिएका छन् ।

# चौरजहारीमा 'करिअर विकाससम्बन्धी तालिम' सम्पन्न

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २० कात्तिक



रुकुम पश्चिमको चौरजहारी नगरपालिकामा आयोजित 'करिअर विकाससम्बन्धी तालिम' सम्पन्न भएको छ । अपाङ्गता भएका व्यक्तिहरू र तिनका परिवारका सदस्यहरूलाई भविष्यको दिशानिर्देश गर्न, पेशागत योजना बनाउन तथा रोजगारीका अवसरहरू पहिचान गर्न सहयोग पुर्‍याउने उद्देश्यले यो तालिम सञ्चालन गरिएको मानव विकास तथा सामुदायिक सेवा (राइज-अप) परियोजनाका अधिकृत सन्देश जैसीले जानकारी दिए ।

चौरजहारी-२ स्थित होटल सिद्धार्थमा आयोजना गरिएको तालिमको उद्घाटन नगरपालिकाका उपप्रमुख ईश्वरी शर्मा (बीएम) ले गरेकी थिइन् । उद्घाटन सत्रमा बोल्दै उनले युवाहरू राष्ट्रको मेरुदण्ड भएको बताउँदै उनीहरूको क्षमता विकासका लागि यस्ता तालिम अत्यन्त आवश्यक रहेको उल्लेख गरिन् । साथै, युवाहरूले पढाइसँगै आत्मपरिचय, आत्मविश्वास र दक्षता विकासमा जोड दिनुपर्नेमा पनि उनले जोड दिइन् ।

दुई दिनसम्म चलेको तालिममा चौरजहारी नगरपालिकाअन्तर्गतका विभिन्न विद्यालयका विद्यार्थी, स्थानीय युवा, अपाङ्गता भएका व्यक्ति तथा तिनका परिवारका सदस्य गरी कुल २० जना सहभागी थिए । सहभागीहरूलाई व्यक्तिगत करिअर योजना बनाउने तरिका, साक्षात्कार तयारी, सञ्चार सीप, नेतृत्व विकास तथा रोजगार अवसर खोजीसम्बन्धी व्यावहारिक प्रशिक्षण प्रदान गरिएको थियो । तालिमको सहजीकरण अधिवक्ता गोपाल बिराजी र एचडीसीएसका वित्त अधिकृत विष्णु पुनले गरेका थिए । प्रशिक्षकहरूका अनुसार, युवाहरूले आफ्नो क्षमताअनुसार करिअर छनोट गर्न नसक्दा बेरोजगारीको समस्या बढिरहेको छ । यस्ता तालिमले युवाहरूलाई लक्ष्य स्पष्ट बनाउन र उचित मार्ग पहिचान गर्न प्रेरित गर्ने विश्वास व्यक्त गरिएको छ ।

सहभागिताबारे अधिकृत जैसीले चौरजहारी नगरपालिकाका विद्यार्थी, युवा तथा अपाङ्गता भएका व्यक्ति र तिनका परिवारका सदस्यहरूको उपस्थिति रहेको बताए ।

# जनताका गुनासालाई केन्द्रमा राख्दै छत्रदेव गाउँपालिका



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २० कात्तिक

अर्घाखाँचीको छत्रदेव गाउँपालिकाले जनताका गुनासा र आवश्यकतालाई केन्द्रमा राखेर सेवा प्रवाह र विकास निर्माणलाई तीव्रता दिएको छ । जनप्रतिनिधि र कर्मचारीहरूले बदलिँदो परिस्थितिमा सिंहदरबारको अधिकार गाउँसम्म पुगेको स्पष्ट देखिने गरी कार्यसम्पादनलाई अगाडि बढाएका छन् ।

छत्रदेव गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठका अनुसार गाउँपालिकाले नागरिकको स्वास्थ्य, शिक्षा र रोजगारप्रति संवेदनशील हुँदै विकास निर्माणका कामलाई द्रुत गतिमा अघि बढाइरहेको छ । उनका अनुसार गाउँपालिकाले सेवा प्रवाहमा पारदर्शिता र जनउत्तरदायित्वलाई प्राथमिकता दिँदै रचनात्मक कार्यहरू गर्दै आएको छ ।गाउँपालिकाले बल्कोट प्राथमिक स्वास्थ्य केन्द्रमार्फत प्रत्येक दुई-दुई महिनाको अन्तरालमा विशेषज्ञ डाक्टर टोलीसँगै सबै वडामा पुगेर जेष्ठ नागरिक, अपाङ्ग र असहाय व्यक्तिहरूलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको छ । स्वास्थ्य सेवामा सुधारसँगै गाउँपालिकाले लिजा प्रणालीमा पनि सुधार ल्याएको जनाएको छ ।

उपाध्यक्ष मनी पन्थीका अनुसार आर्थिक वर्ष २०८१/८२ मा स्वास्थ्य संस्थाहरूको कार्यसम्पादन मूल्यांकनमा छत्रदेव गाउँपालिका जिल्ला-स्तरमा पहिलो र देशभरका ७८३ स्थानीय तहमध्ये सूचना अधिकारीको उत्कृष्टता सम्मान प्राप्त गर्न सफल भएको छ ।

गाउँपालिकाले ज्येष्ठ नागरिकहरूको स्वास्थ्य उपचारका लागि घरदैलो सेवा सञ्चालन गर्दै आएको छ । साथै, उनीहरूको सामाजिक सुरक्षा भत्ता कार्ड नवीकरण गरेर घरमै पुर्‍याइदिने, सबै वडामा पुगेर एकीकृत घुम्ती शिविरमार्फत योजना सम्झौता, परिचयपत्र वितरण, घरेलु उद्योग दर्ता, माटो परीक्षण, भेटनरी तथा परामर्श सेवा लगायतका कार्यहरू गर्दै आएको प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डेले जानकारी दिए । पाण्डेका अनुसार छत्रदेवमा आफू आउँदैदेखि जनमुखी प्रशासनलाई प्राथमिकता दिँदै सेवाग्राहीले पाँच मिनेटभन्दा बढी प्रतिक्षा गर्न नपर्ने प्रणाली कार्यान्वयनमा ल्याइएको छ । स्थानीयवासी भानु पराजुलीका अनुसार अहिले कार्यालयमा मुस्कानसहितको सहज सेवा पाइने भएकाले नागरिक सन्तुष्ट छन् ।

गाउँपालिकाले बिरामीका लागि आवश्यक रगत निःशुल्क उपलब्ध गराइरहेको छ । त्यस्तै, नेपाल नेत्र ज्योति संघ, जिल्ला आँखा उपचार केन्द्र अर्घाखाँचीसँग सहकार्य गर्दै प्रत्येक वर्ष छत्रदेवका नागरिकलाई मोतियाबिन्दु शल्यक्रिया लगायत आँखा उपचार सेवा निःशुल्क प्रदान गरिँदै आएको छ । गत वर्ष मात्रै करिब २०० जनाको निःशुल्क आँखाको परीक्षण, औषधि, चस्मा वितरण र शल्यक्रिया गरिएको थियो । त्यसका साथै गाउँपालिकाले एक जना आँखा प्राविधिकसहित प्राथमिक आँखा उपचार केन्द्र स्थापना गरी एक वर्षदेखि नियमित सेवा प्रदान गरिरहेको अध्यक्ष श्रेष्ठले बताए ।

# विद्यार्थीलाई विद्यालय पोसाक वितरण



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २० कात्तिक

रौतहटको फतुवा विजयपुर नगरपालिका-१०, दुधिआवास्थित बालसदन आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई विद्यालय पोसाक वितरण गरिएको छ । बिहीबार आयोजित एक कार्यक्रमबीच विद्यालयमा अध्ययनरत १०५ जना विद्यार्थीलाई आर्थिक वर्ष २०८१/८२ को छात्रवृत्ति रकमबाट विद्यालय पोसाक वितरण गरिएको विद्यालयका प्रधानाध्यापक रेनुका हुमागाईंले जानकारी दिइन् ।

विद्यार्थीहरूलाई नियमित रूपमा विद्यालयमा उपस्थित गराउन र पठनपाठनमा सहजता प्रदान गर्न पोसा वितरण गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भुपनारायण धामीले बताए ।

विद्यालयमा अध्ययनरत दलित विद्यार्थी तथा छात्राहरूका लागि प्राप्त छात्रवृत्ति रकमबाट शिशु कक्षादेखि कक्षा ५ सम्मका कुल ४८० जना विद्यार्थीलाई विद्यालय पोसाक वितरण गरिएको प्रधानाध्यापक हुमागाईंले उल्लेख गरिन् । विद्यालय पोसाक शैक्षिक सुधारको महत्वपूर्ण अंग भएकाले यसबाट सम्पूर्ण विद्यार्थीहरूको शिक्षामा टेवा पुगोस् भन्ने उद्देश्य राखिएको वडाध्यक्ष मञ्जयकुमार चौधरीले बताए । सोही अवसरमा वडाध्यक्ष चौधरीले विद्यार्थीहरूलाई खेलकुदका लागि आवश्यक सामग्री पनि वितरण गरे । पोसाक वितरण कार्यक्रममा पूर्वशिक्षा संयोजक सुवोध यादवको अध्यक्षता रहेको थियो भने विद्यार्थी, अभिभावकलगायतको उपस्थिति रहेको थियो ।


## कुमारी बैंक लिमिटेडको शाखा कार्यालय मलंगवाको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८२/०७/२१ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेको शाखा कार्यालय मलंगवाबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८२ कात्तिक २८ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा मलंगवामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

| १. ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा मिति २०७१ भाद्र १६ मा दर्ता नं. ३२५६/०७१/७२ (स्थानिय व्यापार) दर्ता कायम भई सर्लाही जिल्ला, इश्वरपुर न.पा. वडा नं.-०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **विकास इन्टरप्राइजेज ।** **प्रोप्राइटर- प्रतिभा देवी** | १. **प्रतिभा देवी**को नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, इश्वरपुर गा.वि.स. ४(ख) स्थित कित्ता न. ३८५ र ४७४ को क्षे.फ. ०-१-५-० र ०-०-५-० (वि.क.धु.क.) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **प्रतिभा देवी**<br>ना.प्र.नं.- १०५<br>जारी मिति - २०४८/११/११ जि.प्र.का. सर्लाही<br>बाबु - गोपीकान्त मिश्र<br>बाजे - नित्यानन्द झा<br>पति - गरिबनाथ झा<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, बबरगञ्ज वडा नं. ०१<br>हालको ठेगाना- सर्लाही जिल्ला, इश्वरपुर न.पा. वडा नं. ०७ | २. **गरिबनाथ झा**<br>ना.प्र.नं.-०३५११९४०<br>जारी मिति - २०४१/०२/२४, जि.प्र.का. रौतहट<br>बाबु - सौखी झा<br>बाजे - रामेश्वर झा<br>पत्नी- प्रतिभा देवी<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, बबरगञ्ज वडा नं. ०१<br>हालको ठेगाना- सर्लाही जिल्ला, इश्वरपुर न.पा. वडा नं. ०७ |

**२. ऋणीको विवरण**

कम्पनी ऐन २०६३, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा मिति २०७२/०९/१४ मा दर्ता नं. १४३१६४/०७२/०७३ कायम भई दर्ता रहेको सर्लाही जिल्ला, मलंगवा न.पा वडा नं. ०९ स्थित रजिष्टर्ड कार्यालय रहेको **एस. आर. एन ट्रेड एण्ड सप्लायर्स प्रा. लि. ।**
**शेयरधनी - राम दर्शन महतो**
**शेयरधनी - सुरेन्द्र प्रसाद कुश्वाहा**
**शेयरधनी - नागेश्वर साह**
**शेयरधनी - धरवेन्द्र कुमार महतो**

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **राम दर्शन महतो**<br>ना.प्र.नं.- १९३०५८/२१८<br>जारी मिति - २०६३/०३/११, जि.प्र.का. सर्लाही<br>बाबु - कपिल देव महतो<br>बाजे - माझी महतो<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, लक्ष्मीपुर गा.वि.स. वडा नं. ०९<br>हालको ठेगाना- ऐ.ऐ. | ५. **श्रीपति कुमारी नुनिया**<br>ना.प्र.नं.- ८२८६१६६३<br>जारी मिति - २०५१/०५/२०, जि.प्र.का. सर्लाही<br>बाबु - जगदेव महतो नुनिया<br>ससुरा - माझी महतो<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, मोतीपुर गा.वि.स. वडा नं. ०४<br>हालको ठेगाना- ऐ.ऐ |
| २. **सुरेन्द्र प्रसाद कुश्वाहा**<br>ना.प्र.नं.- २९१७४७७४<br>जारी मिति - २०६०/०३/३०, जि.प्र.का. सर्लाही<br>बाबु - चन्देश्वर महतो<br>बाजे - गुदर महतो<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, मलंगवा न.पा वडा नं. ०५<br>हालको ठेगाना- ऐ.ऐ | ६. **मणिराम महतो**<br>ना.प्र.नं.- ५९१२१३७९<br>जारी मिति - २०३६/०५/२२, जि.प्र.का. सर्लाही<br>बाबु - राम सेवाक महतो<br>बाजे - निरसु महतो<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ०१<br>हालको ठेगाना- ऐ.ऐ |
| ३. **नागेश्वर साह**<br>ना.प्र.नं.- ८२८६२०६०<br>जारी मिति - २०६२/०५/१२, जि.प्र.का. सर्लाही<br>बाबु - राम एकवाल साह तेली<br>बाजे - जगलाल साह<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, मोतीपुर गा.वि.स. वडा नं. ०३<br>हालको ठेगाना- ऐ.ऐ | ७. **रामकलि देवी**<br>ना.प्र.नं.- १०४१<br>जारी मिति - २०४६/०२/३०, जि.प्र.का. सर्लाही<br>बाबु -राम औतार महतो<br>ससुरा - राम सेबक महतो<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, मलंगवा न.पा वडा नं. ०१<br>हालको ठेगाना- ऐ.ऐ |
| ४. **धरवेन्द्र कुमार महतो**<br>ना.प्र.नं.- १९१०३१/२७३<br>जारी मिति - २०६९/०६/२५, जि.प्र.का. सर्लाही<br>बाबु - मणिराम महतो<br>बाजे - रामसेवाक महतो<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, मलंगवा न.पा वडा नं. ०१<br>हालको ठेगाना- ऐ.ऐ | ८. **चन्देश्वर महतो**<br>ना.प्र.नं.- ७१४३०९९४<br>जारी मिति - २०५१/०३/०६, जि.प्र.का. सर्लाही<br>बाबु - गुदर महतो कोइरी<br>बाजे - भगवान महतो<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, मलंगवा गा.वि.स. वडा नं. ०५<br>हालको ठेगाना- ऐ.ऐ. |

**लिलाम हुने सम्पत्तिको विवरण**

| | |
|---|---|
| १. **सुरेन्द्र प्रसाद कुश्वाहा**को नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, सखूवा गा.वि.स वडा नं. ५ख स्थित कित्ता नं. २८९ र २८८ को क्षे.फ. क्रमशः ०-६-५ र ०-६-५ (बि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।<br>२. **रामकली देवी**को नाममा मालपोत कार्यालय, मलंगवा, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, इश्वरपुर गा.वि.स वडा नं. १घ स्थित कित्ता नं. ३०८, ३३८, ३६९ र ५७७ को क्षे.फ. क्रमशः ०-०-१२ 1/2, ०-०-६ 1/4, ०-२-१५ र ०-१-७ 1/2 (बि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।<br>३. **एस.आर .एन ट्रेड एण्ड सप्लायर्स प्रा.लि**को नाममा मालपोत कार्यालय, मलंगवा, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, बेला गा.वि.स वडा नं. ६क स्थित कित्ता नं. ४२२ को क्षेत्रफल ०-११-१४ (बि.क.धु) र सर्लाही जिल्ला, मलंगवा न.पा वडा नं. १ स्थित कित्ता नं. १९२४ को क्षेत्रफल ०-१-११-६ (बि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत । | ४. **मनिराम महतो**को नाममा मालपोत कार्यालय, मलंगवा, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, मलंगवा न.पा वडा नं. १ स्थित कित्ता नं. ८९९ को क्षे.फ. ०-०-७ 3/4 (बि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।<br>५. **श्रीपति कुमारी नुनिया**को नाममा मालपोत कार्यालय, हरिवन, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, लक्ष्मीपुर कोद्रहा गा.वि.स वडा नं. ८ स्थित कित्ता नं. १४३ को क्षे.फ. ०-३-१५, (बि.क.धु) जग्गा/घर र ऐ.ऐ. वडा नं. ९ स्थित कित्ता नं. ६७८, ६०१ र ९२ को क्षे.फ. क्रमशः ०-२-०, ०-१-० (बि.क.धु) र ३०४.७४ (ब.मि) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत । |
| ६. **श्रीपति कुमारी नुनिया**को नाममा मालपोत कार्यालय, मलंगवा, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, बेला गा.वि.स वडा नं.२क स्थित कित्ता नं. ९ को क्षे.फ. १-४-५ (बि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत । | ७. **चन्देश्वर महतो** को नाममा मालपोत कार्यालय, मलंगवा, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, मलंगवा न.पा वडा नं. ५ स्थित कित्ता नं. ३२ को क्षे.फ. १३१.०० (ब.मि) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत । |

| ३. ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| **चुनचुन ठाकुर**<br>ना.प्र.नं.- १९१०३७/३७<br>जारी मिति - २०६४/०७/२६ जि.प्र.का., सर्लाही<br>बाबु - हीरा ठाकुर<br>बाजे - सुखल ठाकुर<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, ब्रहम्पुरी गा.वि.स. वडा नं. ०३<br>हालको ठेगाना- सर्लाही जिल्ला, ब्रहम्पुरी गा.वि.स. वडा नं. ०३ | १. **चुनचुन ठाकुर**को नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरी मा दर्ता कायम रहेको महोत्तरी जिल्ला, किसाननगर गा.वि.स./न.पा. ९(ख) स्थित कित्ता न. क्रमश. ३२२ र ३२५ को क्षे.फ. क्रमश. ०-४-५-० र ०-६-६-० (वि.क.धु.क.) को जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **चुनचुन ठाकुर**<br>ना.प्र.नं.- १९१०३७/३७<br>जारी मिति - २०६४/०७/२६ जि.प्र.का., सर्लाही<br>बाबु - हीरा ठाकुर<br>बाजे - सुखल ठाकुर<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, ब्रहम्पुरी गा.वि.स. वडा नं. ०३<br>हालको ठेगाना- सर्लाही जिल्ला, ब्रहम्पुरी गा.वि.स. वडा नं. ०३<br>२. **नम्रता कुमारी झा ठाकुर**<br>ना.प्र.नं.- १९-०१-७२-०३६७७<br>जारी मिति - २०७२/०६/१३ जि.प्र.का., सर्लाही<br>बाबु - गगनदेव झा<br>ससुरा - हीरा ठाकुर<br>पती - चुनचुन ठाकुर<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, ब्रहम्पुरी गा.वि.स. वडा नं. ०३<br>हालको ठेगाना- सर्लाही जिल्ला, ब्रहम्पुरी गा.वि.स. वडा नं. ०३<br>३. **निर्मला कुमारी ठाकुर**<br>ना.प्र.नं.- १७२६२७२०<br>जारी मिति - २०४५/०१/२९, जि.प्र.का., सर्लाही<br>बाबु - हसिलाल ठाकुर<br>ससुरा - सुखल ठाकुर<br>पती - हीरा ठाकुर<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, ब्रहम्पुरी गा.वि.स. वडा नं. ०३<br>हालको ठेगाना- सर्लाही जिल्ला, ब्रहम्पुरी गा.वि.स. वडा नं. ०३ | ४. **हीरा ठाकुर**<br>ना.प्र.नं.- १७२६२३४६<br>जारी मिति - २०४४/०४/०१, जि.प्र.का., सर्लाही<br>बाबु - सुखल ठाकुर<br>बाजे - अन्नत ठाकुर<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, ब्रहम्पुरी गा.वि.स. वडा नं. ०३<br>हालको ठेगाना- सर्लाही जिल्ला, ब्रहम्पुरी गा.वि.स. वडा नं. ०३<br>५. **उमेश ठाकुर**<br>ना.प्र.नं.- १९-०१-७२-०३००३<br>जारी मिति - २०७२/०४/१३ जि.प्र.का., सर्लाही<br>बाबु - हीरा ठाकुर<br>बाजे - सुखल ठाकुर<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, ब्रहम्पुरी गा.वि.स. वडा नं. ०३<br>हालको ठेगाना- सर्लाही जिल्ला, ब्रहम्पुरी गा.वि.स. वडा नं. ०३ |

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८२ कात्तिक २७ गते** भित्र बैंकको शाखा कार्यालय मलंगवामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय मलंगवाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८२ कात्तिक २८ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय मलंगवामा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय मलंगवामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०.धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११.गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२.प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३.धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८२ कात्तिक २८ गते शुक्रबार मध्यान्ह १२:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय मलंगवा फोन नं. ०४६-५२१४०७/२०६**

मध्यान्ह
www.madhyanhadaily.com
२१ कात्तिक २०८२ शुक्रबार
7 November 2025 Friday

# चलचित्र क्षेत्रको श्रीवृद्धिका लागि सरकार प्रतिबद्ध : मन्त्री खरेल



**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सरकार समग्र चलचित्र क्षेत्रको श्रीवृद्धिका लागि प्रतिबद्धताका साथ लाग्ने विश्वास व्यक्त गरेका छन् । बिहीबार मन्त्रालयमा चलचित्र विकास बोर्डको संयोजनामा आयोजित चलचित्रकर्मीहरुसँगको अन्तरक्रियामा उनले समग्र चलचित्रको हितका लागि नीतिगत सुधार गरिने उल्लेख गरे ।

सञ्चारमन्त्री खरेलले चलचित्रमा देश, समाज र जनतालाई मार्गनिर्देशन गर्ने, नयाँ बहस सिर्जना गर्ने कथावस्तु हुनुपर्नेमा जोड दिए । उनले भने, 'सिनेमा समाजको ऐन पनि हो । देश, समाज र जनतालाई मार्गनिर्देशन गर्ने सिनेमाको कन्टेन्ट र स्कृष्ट बालियो, सन्देशमुलक, गुणस्तरीय र समाजले रुचाउने हुन जरुरी छ ।'

मन्त्री खरेलले सिनेमाको कथावस्तु, समयसुहाउदो अडियन्समैत्र तथा कथावस्तुमा नवीनतम प्रयोग हुन जरुरी भएको उल्लेख गरे । उनले देश र जनताको हित र चलचित्रको हितका लागि आफ्नो अवधिमा प्रभावकारी काम गर्ने विश्वास दिलाए । मन्त्री खरेलले भने, 'देश, जनता र चलचित्रको हितमाा हुने कुनैपनि कामको लागि मन्त्रालयकोतर्फबाट साथसहयोग रहनेछ । मेरो कार्यकालमा चलचित्र क्षेत्रको हितमा कार्यक्रम र कार्ययोजन ल्याउनुस् मन्त्रीकोतर्फबाट कुनैपनि फाइल रोकिने छैन ।'

सञ्चारमन्त्री खरेलले केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड)मा तत्काल सही व्यक्ति ल्याउन निर्देशन पनि दिए । उनले भने, 'सेन्सर बोर्ड र विकास बोर्डहरूसँग समन्वय गरि तत्काल राइट म्यान इन राइट प्लेस ल्याउनूस् ।'

उनले चलचित्रकर्मीले उडाएका ड्रोन, अनुदान, सामाजिक सुरक्षालगायत विषयमा मन्त्रालयले छलफल गरेर सहजिकरण गर्ने विश्वास व्यक्त गरे ।

सञ्चार मन्त्रालयका सचिव राधिका अर्यालले चलचित्र क्षेत्रको दिगो विकासका लागि मन्त्रालयले आवश्यक सहजीकरण गर्ने बताइन् । उनले चलचित्रकर्मीले उठाएको सेन्सर, ड्रोन, विदेशी सिनेमा छायाँकनलगायत विषय अन्तरमन्त्रालय र सम्बन्धित निकायसँग छलफल गरी समाधानका लागि पहल गरिने विश्वास व्यक्त गरिन् ।

चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले चलचित्र क्षेत्रको दिगो विकासका लागि सरकारले सिनेमा हल नपुगेका जिल्ला वा शहरमा नयाँ हल निर्माणका लागि प्रोत्साहन गर्न आग्रह गरे । उनले चलचित्र ऐन तथा विधेयक परिमार्जन, चलचित्र कल्याणकारी कोष र राष्ट्रिय स्टुडियो निर्माणमा सरकारी सहयोग र सेन्सर प्रणालीलाई सरल र पारदर्शी बनाइनुपर्नेमा जोड दिए ।

चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौलाले कर्णाली प्रदेशभरमा एउटा मात्र सिनेमा हल रहेको विषयलाई उठान गर्दै हलको संख्या बढाउनुपर्नेमा जोड दिए । कलाकार दीपकराज गिरीले हरेक व्यवस्था परिवर्तनका लागि भएका आन्दोलनमा कलाकर्मीको विगतदेखि वर्तमानसम्मको योगदानको विषयलाई अतिरञ्जित बनाइन नहुनेमा जोड दिए । कलाकार केदार घिमिरेले जेनजी आन्दोलनपछि कलाकारले विभिन्न आरोप लगाइने गरेको भन्दै स्वतन्त्र कलाकारमाथि भइरहेको प्रहार बन्द हुनुपर्ने धारणा राखे ।

वरिष्ठ संगीतकार सुरेश अधिकारीले प्रतिनिपि अधिकार ऐन कार्यान्वयन गरिनुपर्नेमा जोड दिए । कलाकार जितु नेपाल, निर्देशकद्वय प्रदीप भट्टराई र सरोज पौडेल, नायक प्रदीप खड्काले सेन्सरलाई खुकुलो बनाउनुपर्नेमा जोड दिए । छायाँकार विष्णु कल्पितले ड्रोन चलाउन र विदेशी चलचित्र छायांकनलाई सहज बनाइनुपर्ने औंल्याए ।

नेपाली चलचित्र क्षेत्रका शीर्ष कलाकार, निर्देशक, निर्माता र संघसंस्थाका प्रतिनिधिहरूले सञ्चारमन्त्री खरेलसँग मन्त्रालयमा अन्तरक्रिया गरेका हुन् ।

## भूल सुधार

मिति २०८२/०७/१९ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित साइप्रसमा रोजगार शिर्षक कम्पनीको नामः **ANDREAS ZORPAS, चलानी नं.: ६०२४६८७०,** र **L.T. No.: 333200** को विज्ञापनमा **पूर्व स्वीकृत मितिः २०८२/०७/१७ गते** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

Govt. Lic. No. 1191/073/074
**Eurosia Human Resourse Pvt. Ltd.**
Samakhusi- Chowk, Tokha-10, Kathmandu, Nepal, Tel: 01-4980243
Mob: 9851237357/ 9851064740/ 9851071905
E-mail : ehr1191@gmail.com, eurosiahumanresource@gmail.com Web : www.eurosiahr.com.np

## मोटरसाईकल हराएको सूचना

मिती २०८२/०६/०८ गते विहान ४:०० बजेको समयमा सुर्यबिनायक - १, भक्तपुर घर अगाडी पार्कीङ गरी राखेको बा प्र ०२-०५० प ६८७७ नं Navy Blue रङको यामहा कम्पनीको सी सी १४९ मोडेल FZS V2 मोटरसाईकल हराएको हुँदा देख्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनीः बलराम बस्नेत**
**ठेगानाः सुर्यबिनायक-१, भक्तपुर**
**ईन्जिन नम्बरः G3J3E0588956**
**चेसिस नम्बरः ME1RG4455R0095801**
**सम्पर्क नम्बर : ९८०११५८९२९**

## मोटरसाईकल हराएको सूचना

मिति २०८२/०६/१२ गते अन्दाजी १९:३० बजेको समयमा काठमाडौं जिल्ला का.म.पा.वडा नं. ३२ पेप्सिकोलाबाट बा. प्र. ०२-०१९ प ८९३१ नं को रोयल कम्पनीको हरियो रंगको बुलेट मोटरसाइकल हराएको हुँदा पाउनुहुने वा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध छ ।

**सवारी धनीः कस्मिक बचत तथा ऋण सहकारी संस्था लि**
**ऋणी : सुभराज विमली**
**च्यासिस नं.: ME3U3S5C1LL751720**
**इन्जीन नं.: U3S5CLL403540**
**ठेगानाः मेलुङ-१, दोलखा**
**सम्पर्कः ९८५११०३७२२**

## स्कुटर हराएको सूचना

मिति २०८२/०६/२० गते अन्दाजी ०६:०० बजेको समयमा नख्खुडोल पुलमा पार्किङ गरि राखेको **बा.प्र-०२-०४२ प ५२१९** नम्बरको कालो रातो रङको Ntorq स्कुटर हराएकोले फेला पार्नुहुन महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला ।

**सवारी धनीः प्रबिन बस्नेत**
**च्यासिस नं.: MD626BK3SN2K00368**
**इन्जीन नं.: CK3KN2600160**
**ठेगानाः ललितपुर मा.न.पा १२**
**सम्पर्कः ९८४१८५४१७२**

**Sudurpaschim Province Government**

**Ministry of Physical Infrastructure Development**

**Transport Infrastructure Directorate**

# Infrastructure Development Office, Kanchanpur

## Invitation for Bids (IFB) No. 02-IDOKAN/082/83

**Date of first publication: 2082-07-21 (7th Nov, 2025)**

1. Infrastructure Development Office, Kanchanpur invites electronic bids from eligible domestic bidders for the construction works enlisted below:

| Contract No. | Name and Location of the Construction Work | Estimated Amount (Including VAT & PS) | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| IDOKAN/W/NCB/082/83-07 | Construction of Bansaha tallo chauraha dekhi Siddha Baijanath ma vi hudai aagadi jane sadak nirman Shuklaphata 01, Kanchanpur | 2,436,496.12 | 55,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-08 | Construction of Beldadi purba raheko narwa nala hudai jaya bidhya niketan samma ko sadak slab culvert sahit kalopatre Suklaphata 04, Kanchanpur | 6,822,065.73 | 155,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-09 | Construction of Kaluwapur Belauri Sadak khanda ko Chitaura dekhi sami chok hudai ward no 02 ko simana samma jodne sadak kalopatre suklaphata 11, Kanchanpur | 9,745,876.92 | 220,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-10 | Construction of Mahendranagar rajmarga uttar nahar hudai ward no 06 jodne Shuklaphata 10 , Kanchanpur | 7,309,382.53 | 165,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-11 | Construction of Sastra prahari maidan paschim shivsankhar marga joshi panta chauraha dekhi uttar jane sadak nirmna Shuklaphata 05 , Kanchanpur | 2,437,216.31 | 55,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-12 | Construction of Siddhabaijanath ma vi dekhi dhakniya hudai khanepani Tyanki samma sadak kalopatre Shuklaphata na pa 02, Kanchanpur | 4,873,066.03 | 110,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-13 | Construction of Suklaphata ward no 01 ko ward karyalaya dekhi ward no 12 basantpur dubaha jodne mul sadak sudhar Shuklaphata 12, Kanchanpur | 4,872,677.09 | 110,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-14 | Construction of Suklaphata 05 khajuwa chauraha paschim syali nadi hudai tallo khajuwa hudai khajuwa mil chauraha dekhi ward no 04 hudai belauri road jane sadak nirman, Kanchanpur | 7,309,978.59 | 165,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-15 | Construction of Suklaphata 12 kalagaudi ra laljhadi 04 motarghat jodne banahra nadi pul/culvert & Gharkutuwa Culvert Shuklaphata 9, Kanchanpur | 13,156,984.55 | 295,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-16 | Construction of Krishi sadak dekhi ram ba Rawal ko ghar hudai gauri sankhar aa.bi. Jodne sadak krishnapur 07 , Kanchanpur | 4,873,239.66 | 110,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-17 | Construction of Odal khola Pul dekhi Banahara samma ko sadak Krishnapur 01, Kanchanpur | 2,924,454.70 | 65,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-18 | Construction of Krishnapur-2 Ring Road Kalopatre | 4873120.95 | 110,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-19 | Construction of Krishnapur 5 Krishi Sadak Bata wada no. 6 wada Karlaya hudai Singhpur Pipalchautara Jane Sadak | 4,872,792.75 | 110,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-20 | Construction of Khalla Goth Bata Dhanga Chaudhary Ghar Samma Sadak, Krishnapur 2 | 4,873,098.41 | 110,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-21 | Construction of Ganesh Mahara ko Ghar Dekhi Paschhim Gauradevi Samudayik Ban Hudai wada karyalaya samma Ringroad, Krishnapur 9 | 2,436,868.39 | 55,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-22 | Construction of PangreBazar -Chapartalla-SanaGaun-Jorayal Tole-Sita Samudayik Ban Hudai Mohanaghat Samma Sadak, Krishnapur 9 | 9,745,930.55 | 220,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-23 | Construction of Wada karyalaya Paschhim Bata Kanchan Academy Jay Bahadur Bistko Ghar Hudai Chaugaja Samma Sadak, Krishnapur 8 | 4,872,947.65 | 110,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-24 | Construction of Baluwaphata-Paschhim Tole-Baluwaphata- Milantole-Baluwaphata-Purbitole gaun Hudai Chaman Chauraha Samma pakki Nali Sahit Kalopatre , Krishnapur 6&7 | 9,745,819.93 | 220,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-25 | Construction of Mahendra Rajmagra Bampur Hudai Krishi Sadak Jodne Batoma Sadak Nirman, Krishnapur 5 | 4,873,159.36 | 110,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-26 | Construction of Highway Bata Sudarsanpur Bhayer Bandevi School Jodne Sadak, Krishnapur 5 | 2,437,057.88 | 55,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-27 | Construction of Bandevi Mandir Bata Uttar Ward no 4 ra 5 ko Simana Culvert Bata purba Bich Patti Hudai Krishna Ma.Vi. Sammako Bato, Krishnapur 5 | 2,436,724.27 | 55,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-28 | Construction of Mantu Rana ko ghar dekhi Dristi pathsala hudai kallu marga jodne sadak, Krishnapur 07 | 3,898,920.58 | 90,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-29 | Construction of Champhapur Pul Dekhi Radha Nadi Cheu Hudai Aasthpunj Samma Jane Sadak, Bedkot 1 | 2,923,997.82 | 65,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-30 | Construction of Chautari Tole Hudai Pal Tole Hudai Bhi.Na.Pa-2 Jodne Sadak, Bedkot 9 | 4,873,463.20 | 110,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-31 | Construction of Baijnath Ma.Vi. Dekhi Chhela Bazar Jane Sadak, Bedkot 1 | 9,745,749.32 | 220,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-32 | Construction of Baitada Ncell Tower Hudai Tallo Baitada Hudai Chawgad Tole Dhatal Than Samma Sadak, Bedkot 4 | 9,745,543.86 | 220,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-33 | Construction of Radah Dekhi Hattithala Jodne Sadak, Bedkot 1 | 9,745,806.98 | 220,000 | 3,000 |
| IDOKAN/W/NCB/082/83-34 | Construction of Hulaki Sadak ra Basanthala Sadak, Bedkot 2 | 2,436,854.32 | 55,000 | 3,000 |

2. Bidders shall have the option of submitting their bids electronically only from PPMO's Web Site www.bolpatra.gov.np./egp and may obtain further information at Infrastructure Development Office, Kanchanpur mail address idokanchanpur@gmail.com

**Office Chief**

## एन्फाविरुद्ध खेलाडीको धर्ना

# 'ढेड दशक फुटबलमा बिताउँदा ७–८ वटा मात्र लिग खेल्न पायौं'




काठमाडौं/मस– फुटबल खेल्न पाउनुपर्ने माग राख्दै आन्दोलनरत नेपाली फुटबलरले अखिल नेपाल फुटबल संघ (एन्फा)मा आफ्ना पदक छाडेका छन् । खेलाडीहरू फुटबल खेल्नबाट बञ्चित गर्न नहुने मागसहित बिहीबार सातदोबाटोस्थित एन्फाको कम्प्लेक्समा पुगेका थिए ।

तर एन्फा कम्प्लेक्समा प्रवेश गर्न नपाएपछि उनीहरूले विरोधस्वरूप आफूले पाएका पदक गेटमा झुन्ड्याए धर्ना दिएर त्यहाँबाट गए । धर्ना कार्यक्रम घोषणा भएपछि बिहानैदेखि एन्फा परिसरमा सुरक्षा व्यवस्था कडा पारिएको थियो । खेलाडीको उक्त आन्दोलनमा विभिन्न सरोकारपक्षले पनि साथ दिइरहेको छ । एन्फा र १४ वटा शीर्ष डिभिजनका क्लबबीच यसै हप्ता भएको छलफलबाट यस वर्ष 'ए' डिभिजन लिग नगर्ने सहमति भएको थियो ।

नेपाली राष्ट्रिय टोलीका पूर्वसदस्य विक्रम लामाले साढे दुई वर्षदेखि नेपालमा शीर्ष डिभिजनको फुटबल हुन नसकेको र यसले खेलाडीहरू खेल्नबाट बञ्चित हुनुपरेको बताएका छन् । यसको विरोध स्वरूप गरिएको शान्तिपूर्ण धर्नामा एन्फाले गेटभित्र छिर्नबाट रोक लगाएको उनले उल्लेख गरे ।

एन्फाले आफूहरूलाई मैदान नै छिर्न नदिएको अवस्थामा अहिले गेटभित्र प्रवेशमा पनि रोक लगाएको पूर्वफुटबलर लामाले आरोप लगाएका छन् । फुटबल गतिविधि नै नहुनु भनेको ठूलो बेथिति भइरहेको खेलाडीको भनाइ छ । नेपाली राष्ट्रिय टोलीका पूर्वसदस्य लामाले २०/२२ वर्ष घरेलु फुटबलमा बिताउँदा ९ वटा मात्र शीर्ष डिभिजन लिग खेल्न पाएको बताएका छन् ।

यसबीच उनले आफूले राम्रो गर्न सक्ने समयमा १०/११ वटा सिजनका लिग गुमाउनुपरेको उल्लेख गरेका छन् । अहिले २/३ वर्षयता पनि लिग नहुँदा धेरै खेलाडीले यही अवस्था भोग्नुपरेको उनले बताएका छन् । एन्फाले आफूहरूको माग नसुने आन्दोलनको रूप बढ्दै जाने र त्यसमा शान्तिपूर्ण नै हुने प्रतिबद्धता खेलाडीले व्यक्त गरेका छन् । आगामी पुस्ताले फुटबल खेल्ने राम्रो वातावरण पाउने आशासहित यो आन्दोलन गरेको फुटबलर लामाले स्पष्ट पारे ।

अहिले राष्ट्रिय लिग गर्ने र 'ए' डिभिजन लिग अर्को वर्ष मात्रै हुने भएपछि फुटबलरहरू विरोधमा उत्रिएका हुन् । एन्फा लिगबाट भाग्न खोजेको र लिग हुनैपर्ने उनीहरूको माग छ । आन्दोलनमा जेनजी युवा तथा पूर्वखेलाडी र प्रशिक्षकहरूले पनि ऐक्यवद्धता जनाएका छन् ।

नेपाली राष्ट्रिय टोलीका सदस्य अञ्जन विष्टले लिग नहुँदा आफ्नै दाइलगायत धेरै खेलाडी पलायन हुनुपरेको बताएका छन् । बिहीबारदेखि राष्ट्रिय टोलीको क्याम्प रहेको र आफूले पनि लिग नहुँदा पछिल्लो दुई वर्ष धेरै दुःख भोगेको उल्लेख गरे ।

यद्यपि बंगलादेशमा लिग खेलिरहेकाले आफूलाई गाह्रो नभए पनि अन्य साथीको पीडा आफूले बुझेको उनको भनाइ छ । मुख्य लिग नै नहुनु धेरै पीडादायी स्थिति रहेको र यसलाई एन्फाले पनि बुझ्नेछ भन्ने आशामा आफू रहेको अञ्जनले धारणा राखेका छन् ।

राष्ट्रिय टोलीका सदस्य रोहित चन्द र गोलकिपर विशाल श्रेष्ठले फुटबल गतिविधि राम्रोसँग अगाडि बढाउँदै आगामी पुस्ताका लागि सहज वातावरण सिर्जना गर्नुपर्ने धारणा राखेका छन् । विशालले आफ्नो लागि आफैं बोल्नुपर्छ भनेर एन्फाको गेटसम्म आएका बताए ।


## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

धर्मरत्न बज्राचार्यकी छोरी, चन्द्र नारायण सुद्धकारकी श्रीमती, भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ५ बस्ने, यस बैंकको भक्तपुर सुकुलढोका शाखा कार्यालयको खातावाला सरस्वती सुद्धकारको मिति २०८१/११/०६ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतककी छोरा दिनेश नारायण सुद्धकारले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगारको लागि इजाजतपत्र प्राप्त **आयुष ओभरसिज प्रा.लि. (इजाजत पत्र नं १३४१/०७४/०७५)** मा कार्यरत कर्मचारी हटाइएको र निज कर्मचारी हाल यस कार्यालयमा नरहेको सम्बन्धित सबैमा जानकारी गराउछौं र निजले आयुष ओभरसिज प्रा.लिको नाम दुरुपयोग गरि **Tiktok ID** बनाएर अझै पनि पासपोर्टहरु लिने गरेको पाईएकोले निज सँग कुनै पनि कार्य नगर्न नगराउन अनुरोध गर्दछौ यदी यसो गरे गराएमा यस प्रा.लि.जिम्मेवार हुने छैन ।

| सि.नं. | नाम | पद | नागरिकता नं. |
|---|---|---|---|
| १. | काजल कुमारी दास | Receptionist | १६-०१-७५-१०८८१ |

AAYUSH OVERSEAS PVT. LTD.
Govt.Lic.No. 1341/074/075
Bhimsengola-31, Katyayani Chowk, Kathmandu | Tel: 01- 5918559
Email: aayushoverseas123@gmail.com | Web: www.aayushoverseas.com.np

## राक्सिराङ्ग गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चैनपुर, मकवानपुर
बागमती प्रदेश, नेपाल

### भुल सुधार

**प्रकाशित मितिः २०८२/०७/२१ गते**

मिति २०८२/०७/२० गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यस राक्सिराङ्ग गाउँपालिकाको बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचनाको विज्ञापनमा ठेक्का विवरणको सि.नं. २ Newarpani Kolgairi Dungu BHumithum Kailash Road Upgradation Works(ROAD/RAK/NCB/03-82/83) को कबोल रकम (भ्याट सहित) रु. १,२३,७१,५०३.१२ (रुपैयाँ एक करोड तेइस लाख एकहत्तर हजार पाँच सय तीन पैसा बाह्र पैसा मात्र) हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

## जापानमा रोजगारको अवसर

कम्पनी : AJIA SOUGOU KAIHATSU JIGYOU KYODO KUMIAI — शहर : JAPAN
पूर्व स्वीकृत मितिः २०८२/०७/१५ — चलानी नं.: ६०२४७०७० — LT No: 333037

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolding | 9 | 0 | स. काममा दक्ष | 212169 | १,५५,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | | ३ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले २८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : नि शुल्क
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता**
**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी** :
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा बिमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।
**नोटः जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ । जापान सरकारले औधोगिक प्रशिक्षार्थीको रुपमा लिने, कुनैपनि कामको बारेमा अनुभवी प्रशिक्षकबाट तालिमको पनि ब्यवस्था छ । साथै औधोगिक प्रतिस्थानमा प्रयोग हुने व्याबहारीक जापानिज भाषा अडियो तथा भिडियोको माध्यमबाट जापानिज भाषा सिकाइन्छ ।**

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ कात्तिक २८ गते (14 November 2025) मा हुनेछ ।**

मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोनः ०१४५४६०५२
Email: info@manjushreeoverseas.com.np, Web: www.manjushreeoverseas.com.np

## Saudi मा रोजगार Rigforce Contracting Co.

पूर्व स्वीकृती मितिः २०८२/७/१८ — चलानी नं. ६०२४६८८८ — LT No.: 333147

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Spray Painters | 1 | 0 | काममा दक्ष | 1400 | ५२,९२०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

